# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ५, संख्या ९ | २०७८ पौष १९ गते | विक्री मुल्य रु. ०।००


## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर सभाबाट स्वीकृत मिति: २०७८।०९।०९*

# सहकारी संस्थाहरूको संस्थापन, पुनर्गठन र कार्यक्षेत्र संशोधनलाई ब्यवस्थित गर्न बनेको कार्यविधी, २०७८

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने निर्देशक सिद्धान्त स्थापित गरेको र यसै तीन खम्बे नीति अनुरुपको एक खम्बा सहकारीको विकास मार्फत अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न सहकारी संस्थाको गठन, दर्ता, सञ्चालन, स्थानीयकरण, एकिकरण, विभाजन, रुपान्तरण, पुनःसंरचना, कार्यक्षेत्र बिस्तारण र संकुचनलाई समयानुकुल व्यवस्थित प्रभावकारी बनाई सहकारी संस्थाको कुशल परिचालन र क्षमता विकासका कृयाकलापहरुमा व्यवस्थित र एकरुपता ल्याउनका लागि एक कार्यविधी वाञ्छनीय रहेकोले संघीय सहकारी ऐन २०७४ को दफा १५ (४), दफा १८ (१३) दफा ८७ (४) र स्थानीय सहकारी ऐनको दफा ६ (४), दफा ९(९) दफा १०१ (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) अनुसार यो कार्यविधी तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
### संक्षिप्त नाम प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधीको नाम "सहकारी संस्थाहरुको संस्थापन, पुनर्गठन र कार्यक्षेत्र संशोधनलाई व्यवस्थित गर्न बनेको कार्यविधी २०७८" रहेको छ ।

(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) **"नगर सहकारी नियमावली"** भन्नाले "विदुर नगरपालिकाको सहकारीनियमावली २०७७" लाई सम्झनु पर्दछ । यस सन्दर्भमा प्रदेश वा संघीय नियमावली शब्दले नेपाल सरकारको संघीय वा प्रादेशिक सहकारी नियमावली समेतलाई जनाउनेछ ।

(ख) **"ऐन"** भन्नाले "विदुर नगरपालिकाको सहकारी ऐन २०७४" लाई सम्झनु पर्दछ । सो सन्दर्भमा संघीय वा प्रदेश ऐन शब्दले संघीय सरकारको सहकारी ऐन २०७५ र प्रदेश सहकारी ऐन २०७५ समेतलाई जनाउनेछ ।

(ग) **"व्यबस्थापक"** भन्नाले संस्थाको व्यवस्थापक, प्रबन्धक वा कार्यकारी प्रमुख समेतलाई सम्झनुपर्छ ।

(घ) **"प्राथमीक पूजी"** भन्नाले संस्थाको शेयर पूँजी र जगेडा कोषको रकम समेतलाई सम्झनुपर्छ ।

(ङ) **"संस्थागत पूँजी"** भन्नाले संस्था वा सङ्घको पछिल्लो आर्थिक वर्षको जगेडा कोष र घाटा पूर्ति कोषको रकम सम्झनुपर्छ ।

(च) **"कर्जा"** भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संघ संस्थाले सदस्य दिएको कर्जाको साँवा, ब्याज, विलम्ब शूल्क र हर्जना समेत सम्झनुपर्छ ।

(छ) **"सुरक्षण कोष"** भन्नाले **ऐनको फा १०१ बमोजिम स्थानीय हरुले सहकारी संस्थाहरुले परिचालन गर्ने बचत र परिचलन गर्ने र दान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि खडा गरिएको बचत तथा कर्जा सुरक्षण कोष सम्झनुपर्दछ ।**

(ज) **"बचत"** भन्नाले सहकारी संस्थाको सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(झ) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको पदाधिकारी समेतलाई जनाउँदछ ।

(ञ) **"आन्तरिक कार्यविधी"** भन्नाले सहकारी संस्थाले सहकारी मूल्य, सिद्धान्त ऐन, नियम, मापदण्ड अनुसार विनियमको अधिनमा रही तयार गरिएको आन्तरिक कार्यविधीलाई जनाउनेछ ।

(ट) **"मुख्य कारोबार"** भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतकोदायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ठ) **"विनियम"** भन्नाले सम्बन्धित सहकारी संस्थाको स्थानीय ऐनकोदफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ

(ड) **"सदस्य"** भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(ढ) **"समिति"** भन्नाले स्थानीय ऐनको दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(ण) **"सहकारी मूल्य"** भन्नाले स्वावलम्वन, स्व–उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रियमान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ।

(त) **"संस्थाको व्यवसाय"** भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ।

(थ) **"सहकारी सिद्धान्त"** भन्नाले स्वैच्छिक तथाखुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्तसम्झनुपर्छ।

(द) **"संस्था"** भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ।

(ध) **"साधारणसभा"** भन्नाले सहकारी संस्थाको साधारणसभा सम्झनुपर्छ।

(न) **"प्राथमिक पूँजी कोष"** भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

(प) **"दर्ता गर्ने अधिकारी"** भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ।

(फ) **"नगरपालिका"** भन्नाले विदुर नगरपालिका सम्झनुपर्छ।

(ब) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले स्थानीय तहमा रजिषट्रारको समेत कार्य गर्ने नगर कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

(भ) **"संस्थापक"** भन्नाले सहकारी संस्थाको गठन र दर्ता प्रक्रियालाई सम्झनु पर्दछ।

(म) **"स्थानीयकरण"** भन्नाले कार्यक्षेत्रको व्यापक फैलावट भएका तर सदस्यहरुको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण स्थापना गर्न नसकेको संस्थाको सदस्य वा सेवाक्षेत्र झिकेर संचालन प्रकियामा चुस्तता तथा सदस्यको नियन्त्रण कायम गराउदै समुदायमा आधारित वा सदस्य केन्द्रित रुपमा सहकारी गतिविधि सघन तुल्याउने प्रकियालाई सम्झनु पर्दछ।

(य) **"पुनर्गठन"** भन्नाले सहकारी संस्थाको सुधारात्मक प्रयासको अवसरको रुपमा स्थापित संस्थाको कार्यकारण, कार्यक्षेत्र र कार्यसंचालनको पद्धतिमा तात्विक फरक पर्ने गरी गरिएको सांगठनिक समायोजन वा पुनर्सरचनालाई सम्झनु पर्दछ।

(र) **"कार्यक्षेत्र संशोधन"** भन्नाले लाई सहकारी संस्थाको दर्ता हुँदा कायम रहेको बिद्यमान कार्यक्षेत्र बढाउने वा घटाउने प्रक्रियालाई सम्झनु पर्दछ।

(ल) **"एकिकरण"** भन्नाले सहकारी संस्थाहरुको अनावश्यक संख्या, दोहोरो सदस्यता, फजूल संचालन खर्च लगायतका असंगतिहरुलाई हटाएर मिल्दाजुल्दा संस्थाहरुलाई मिलाएर सांगठनिक एवं व्यवसायिक सक्षमता हासिल गर्ने उद्देष्यले २ वा बढी सम्बद्ध संस्थाहरुको एकाकार गरिने प्रक्रियालाई सम्झनुपर्दछ।

(व) **"रुपान्तरण"** भन्नाले सहकारी संस्थाको विषय वा कार्यप्रकृति वा नाम परिवर्तन गरेरपुनर्गठन गरी पुन सञ्चालन गर्ने प्रकियालाई सम्झनुपर्दछ।

(स) **"पुनः संरचना"** भन्नालेसहकारी संस्थाको स्वनियमनकारी संयन्त्र एवं प्रकियाहरु स्थापना एवं सुदृढीकरण गर्ने प्रकिया लाई सम्झनु पर्दछ। यस शब्दले एकिकरण पश्चात तथा निष्क्रिय सहकारी संस्थालाई पुनः संचालनका लागि गरिने संस्थागत वा सांगठनिक पद्धतिलाई समेत बुझाउदछ।

(श) **"कार्यालय"** भन्नाले विदुर नगरकार्यापालिकाको कार्यालयलाई बुझाउनेछ।

(ह) **'संस्थापकीय सरोकार'** भन्नाले संस्थाले उपयोग गरेको पुँजीमा सदस्यको पुँजीको अंशलाई बुझाउनेछ।

(ष) यस कार्यविधीमा परिभाषित नगरको तर सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले परिभाषित गरिएका शब्दहरु यस कार्यविधीमा प्रयोग भएकोमा त्यस्ता शब्दहरुको अर्थ सो ऐन तथा नियमावलीले परिभाषित गरे बमोजिम हुनेछ।

परिच्छेद २

## संस्थापन प्रक्रिया

### गठन तथा दर्ता सम्बन्धी प्रक्रिया ः

### ३.गठन प्रक्रिया ः

प्रारम्भिक सहकारी संस्था गठनको लागि समुदाय तहमा आपशि सरसल्लाह, पूर्व परामर्श, पूर्व सहकारी शिक्षा, प्रथम प्रारम्भिक भेला, दोश्रो प्रारम्भिक भेला, संस्था दर्ताको लागि आवेदनको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

**क) संस्था गठन गर्ने आधार** ः सहकारी संस्था गठन गर्दा निम्न आधारमा गरिनेछ :

**१. बसोवासको आधार :** एकै भौगोलिक क्षेत्रमा बसोबास गर्ने स्थानीय वासिन्दाहरुले साझा बन्धन (Common Bond) मा रही बसोवासका आधारमा संस्था गठन गर्न सकिनेछ । यस आधारमा संस्था दर्ताका लागि कार्यविधीको दफा ४.१ अनुसार हुनेछ ।

**२. पेशा र पेशागत संगठनको आधार** : (१) कम्तिमा पन्ध्र जना एउटै पेशा वा पेशागत संगठनका श्रमिक वा युवा लगायतका व्यक्तिहरु मिली श्रम वा सीपमा आधारित ब्यवसाय गर्ने गरी प्रारम्भिक सहकारी  संस्था गठन गर्न सकिनेछ । यस आधारमा संस्था दर्ताका लागि कार्यविधीको दफा ४.२ अनुसार हुनेछ ।

**३. संस्थागत आधार :** १०० जना भन्दा बढी कामदार वा कर्मचारीहरु रहेको सरकारी निकायमा कार्यरत कर्मचारीहरु, नेपाल सरकारको पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु सार्वजनिक, सहकारी र निजी कलकारखानामा कार्यरत मजदूरहरु, शैक्षिक संस्थामा कार्यरत प्राध्यापक, शिक्षक तथा कर्मचारीहरु, अस्पतालमा कार्यरत कर्मचारीहरु, वा त्यस्ता कुनै संगठित संस्थाबाट पारिश्रमिक प्राप्त गर्ने कर्मचारीहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा कार्यालयको परिसर भित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोवार, सदस्यहरुको सामूहिक हीत प्रबर्द्धनका लागि सामाजिक कामहरु र सांस्कृतिक क्रियाकलापहरु संचालन गर्ने उद्देश्य राखी कम्तिमा १०० जना मिली सहकारी संस्था गठन गर्न सकिनेछ । तर त्यस्ता औद्योगिक क्षेत्र वा कार्यालय वा निकायमा कार्यरत कर्मचारी वा कामदारहरुको संख्या १०० जना भन्दा कम रहेकोमा भने त्यस्ता ३० जना व्यक्तिहरु मिली तोकिए बमोजिम शर्तहरु पालना गर्ने गरी प्रारम्भिक सहकारी संस्था गठन गर्न सकिनेछ । त्यस्ता औद्योगिक क्षेत्र परिसरभित्रका बहुसंख्यक मजदूरहरुको सदस्यता रहने गरी दर्ता गरिने सहकारी संस्थालाई बचत तथा ऋण, पसल, शिशु स्याहार केन्द्र, स्वास्थ्य क्लिनिक, वाचनालय जस्ता परिसर भित्र संचालन गर्न सकिने बहुमुखी काम गर्न पाउने गरी उद्देश्यहरु राख्न कुनै बाधा पर्ने छैन । यस आधारमा संस्था दर्ताका लागि कार्यविधीको दफा ४.३ अनुसारका शर्तहरु लागु हुनेछन् ।

**४. विशिष्टिकृत सहकारी संघको गठनको आधार** :संघीय सहकारी ऐन २०७४ को दफा १५ र नगर सहकारी नियमावली २०७७ को नियम ४ बमोजिम सहकारी संघ/संस्थाहरु बीच वा सहकारी र अन्य सम्बन्धित संस्था वा व्यक्तिहरु बीच एक आपसमा मिली समान उद्देश्यहरु परिपूर्ति गर्न विशिष्टिकृत सहकारी गठन गर्ने सकिनेछ । यस्तो विशिष्टिकृत संघ गठन गर्न कम्तिमा ५ वटा संघ/संस्था आवद्व हुनुपर्नेछ । यस संघले राज्यले अगिकार गरेको अर्थ व्यवस्थालाई सवल पार्न राष्ट्रिय गौरवका आयोजनाहरु, जलविद्युत आयोजना ,रासायनिक मल कारखाना, कृषि(तरकारी,फलफुल) उत्पादन, प्रशोधन, वितरण, बिक्री, बजारीकरण, शितभण्डार लगायतका कृषिजन्य परियोजनाहरु,कृषिमा यान्त्रिकरण, आधुनिधकरण, चक्लाबन्दी खेती, उद्योग कलकारखाना, जडीबुटी प्रशोधन,यातायात,आवासीय परियोजना,स्वास्थ्य, शिक्षा परियोजना, प्राविधिक शिक्षालय, प्रयोगशाला लगायतका विषयहरुमा लगानी गर्न विशिष्टिकृत सहकारी संघको गठन गर्न सकिनेछ । विशिष्टिकृत सहकारी संघ गठन गर्न कार्यविधीको दफा ४.४  अनुसारका शर्तहरु पुरा हुनु पर्नेछ ।

### ४. दर्ताप्रक्रिया ः

संस्था दर्ताको लागि आवेदन प्राप्त भएपश्चात कार्यालयले दर्ता प्रक्रियाका लागि आवश्यकता र औचित्यता हेरी प्रारम्भिक छानविन,, साझा बन्धनको परीक्षण, बिस्तृत छानविन, सिद्धान्त सम्मतीको जाँच, बिस्तृत छानविन, स्थलगत परिक्षण, बिशेषीकृत परामर्श, दिग्दर्शनको अनुसूची १, २ र ३ अनुसारः सहकारी सिद्धान्तसम्मतिको जांच, सहकारी विधिसम्मतिको जांच, सुशासकीय मानकको जांचगरी दर्ता प्रक्रिया प्रारम्भ गर्नेछ । संस्था दर्ताका आधार तथा प्रक्रिया निम्नानुसार हुनेछ :

**१. बसोवासको आधार :** बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका कम्तिमा तीस जना प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ :

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा उद्धेष्य खुलाई स्वयंले प्रमाणित गरिएको हुनुपर्ने ।

(२) हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।

(३) कार्यक्षेत्रभित्र बसोवास गरेको तर प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्यक्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि ।

(क) परिवार सहितको बसाई सराई गरी आएको भए सोको प्रमाण पत्र ।

(ख) वैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित

(ग) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा हालसालै विद्युत महसुल तिरेको बिल र मालपोत वा सम्पत्ति कर एवं भूमी कर तिरेको रसिदको प्रतिलिपी ।

(ङ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्रको प्रतिलिपी, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा वहालमा बसोबास गरेको ब्यहोरा प्रमाणित हुने स्थानिय निकायले गरेको बढीमा एक महिना भित्रको सिफारिस ।

(च) आमा बाबु श्रीमान् श्रीमती र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर सगोलमा रहेको नाता समेत खुल्ने स्थानीय तहको सिफारिस ।

(४) खण्ड ३ (क) (१)(ङ) र (च) समेतको सहकारी गठन गर्दा आवेदन गर्ने व्यक्तिहरु मध्ये मा नब्बे प्रतिशत आवेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनु पर्नेछ । यो अनुपात संस्थाले सधै कायम राख्नु पर्नेछ ।

(५) यो कार्यविधि जारी हुनु भन्दा अघि कुनै निजी कम्पनी वा गैर सरकारी संस्थामा आवद्ध व्यक्तिहरु मात्र सदस्य हुन पाउने गरी सहकारी दर्ता भएकोमा यो कार्यविधि जारी भएको छ महिना भित्र कार्यालयलाई सूचना दिएमा दर्ताको आधार परिवर्तन गर्न अवसर दिइनेछ ।

**२. पेशा र पेशागत संगठनको आधार :**

(१) श्रमिक वा युवा लगायतका व्यक्तिहरु मिली श्रम वा सीपमा आधारित व्यवसाय गर्ने गरी पेशा र पेशागत आधारमा संस्था दर्ताका लागि सीपमा आधारित पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नु पर्नेछ । यस्ता संस्थाको कार्य क्षेत्र सदस्यहरुको प्रकृति अनुसार सम्बन्धित निकायको परिसर वा आवेदक सदस्यहरुको ठेगानाका आधारमा बढीमा विदुरनगरपालिका भरसम्म कायम गर्न सकिनेछ ।

(२) कानून बमोजिम गठित एउटा पेशागत संगठन अन्तर्गत एक भन्दा बढी संस्थाको दर्ता गरिने छैन । सम्बन्धित पेशागत संगठनको आधिकारिक सहमतिमा मात्र पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिनेछ ।

**३. संस्थागत आधार :**

यस आधारमा संस्था दर्ताको लागि आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्नेछ :

१. कम्तिमा एक सय जना वा १०० जना भन्दा कम कामदार भएको निकायको हकमा ३० जना आवेदक भएको निर्धारित ढाँचामा आवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्रका प्रतिलिपिमा उद्धेष्य खुल्ने गरी स्वयंले प्रमाणित गरेको ।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २।२ प्रति ।

४. सम्वन्धित निकायको सदस्यता वा नियुक्तिको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

५. सम्बन्धित निकायको स्वीकृति ।

**४. विशिष्टिकृत सहकारी संघको दर्ताको आधार :** विशिष्टिकृत सहकारी संघ गठन गर्न देहायका शर्तहरु पुरा हुनु पर्नेछः

(क) आवेदक संघ/संस्थाहरुको सयुंक्त शेयर पूँजी दस करोड हुनुपर्नेछ ।

(ख) आवेदक संघ/संस्थाहरुको सयुंक्त संस्थागत पुँजी तीन करोड हुनुपर्नेछ ।

(ग) आवेदक संघ/संस्थाहरुले खरिद गरेको प्रस्तावित विशिष्टिकृत संघको शेयर पुँजी एक करोड हुनुपर्नेछ ।

(घ) जुन उद्देश्यका लागि संघ गठन भएको हो सोही कार्य मात्र गर्नुपर्नेछ ।

(ङ) विशिष्टिकृत सहकारी संघले संचालन गर्न व्यवसाय सम्बन्धित निकाय सँग स्वाकृति लिएर गर्नुपर्नेछ ।

तर, दफा ४ (४) अनुसार दर्ता भएका नगर भित्र सञ्चालित सहकारी व्यवसायकोविकास प्रबर्द्धन र बजारीकरणको लागि नगर भित्रका कम्तिमा १२ वटा सहकारी वा बिषयगत सहकारी संस्थाहरु मिली एक मात्र नगर स्तरीय सहकारी संघ गठन हुनेछ भने सहकारी संस्थाहरुले गर्ने कार्य प्रकृतिका कम्तिमा ८ वटा बिषयगत सहकारी संस्थाहरु मिली एक मात्र विषयगत सहकारी संघ गठन गर्न सकिनेछ ।

५. जुनसुकै आधारमा सहकारी संस्था गठन तथा दर्ता गर्दा एक परिवारको एक सदस्यका दरले उल्लेखित संख्या पुगेको हुनुपर्नेछ । तर संस्था दर्ता भएपश्चात एकै परिवारका एक भन्दा बढी व्यक्तिले सो शेयर संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।

## ५. संस्थाको नाम र साईनबोर्ड सम्बन्धि कार्यविधि ः

(१) संस्थाको नाममा “बैंक”, “फाइनान्स”, “इन्भेष्टमेण्ट”, “डेभलपमेण्ट” तथा “वित्तीय संस्था” वा “कम्पनी” जनाउने शव्दहरु प्रयोग गर्न पाइने छैन । यस अगाडि यस्तो नाम राखी संस्था दर्ता भएको भए कार्यालयले यस्तो नाम परिवर्तन गर्न निर्देशन दिनेछ । कार्यालयको निर्देशन पालना गर्नु संस्थाको जिम्मेवारी हुनेछ ।

(२) संस्था दर्ता गर्दा एउटा नामको एक मात्र संस्था दर्ता गर्न सकिनेछ ।

(३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रिम स्वीकृति लिनु पर्नेछ । प्रस्तावित नाममा तीन दिनभित्र कार्यालयले मिल्ने नमिल्ने जानकारी दिनु पर्नेछ । स्वीकृति लिएको दश दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताका लागि कार्यालयमा निवेदन पेश गरी सक्नुपर्नेछ । तोकिए बमोजिमको समय नाघेपछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन् ।

(४) कुनै निकाय वा समूह वा व्यक्तिबाट प्रवर्द्धित भनी उल्लेख गरिएको संस्था दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था संचालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाइने छैन ।

(५) तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन ।

(६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडि उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरिने छैन ।

(७) संस्थाको नाम देवनागरी लिपिमा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । प्रस्तावित संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई अक्षरको हुनु पर्नेछ । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्नसकिने छैन । संस्थाको नाममा सहकारी संस्था लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ ।

८) सहकारी संस्था दर्ताका लागि अनुसूची १ अनुसारका कागजात तथा बिधीहरु पूरा गर्नुपर्नेछ ।

(९) प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता मिति, भौगोलिक कार्यक्षेत्र र दर्ता भएको कार्यालयको नाम समेत खुलाई नेपाली भाषा देवनागरी लिपिमा साईन वोर्ड लेखी संस्थाको कार्यालयमासबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(१०) सहकारीको साइन बोर्डमा एकरुपता ल्याउनको लागि राष्ट्रिय सहकारी संघले निर्णय गरे अनुरुप साइन बोर्डको रंग हल्का हरियोमा सेतो अक्षरले लेखिएको हुनु पर्नेछ ।

## ६. सञ्चालन तथा व्यवस्थापन प्रक्रिया ः

### १.शेयर पुँजी सम्बन्धी कार्यविधि :

(१) संस्थाले जारी गर्ने कूल शेयर पूँजीको रकम संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ता गर्न आवेदन गर्दा कूल शेयर पुँजी उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावित सदस्यहरुले खरिद गरेको शेयर पूँजीको नामनामेशी विवरण तोकिएको ढाँचामा दर्ताको आवेदन साथ पेश गर्नु पर्नेछ ।

(४) संस्था दर्ताको बेला चुक्ता शेयर पुँजीको रकम कूल शेयर पुँजीको तीस प्रतिशत हुनुपर्नेछ ।

(५) तत्काल बस्ने साधारण सभाबाट अनुमोदन गराउने गरी समितिको निर्णयलेसंस्थाको शेयर पूँजी बृद्धि गर्न सकिनेछ । शेयर पूँजी बृद्धिको निर्णयको जानकारी कार्यालयमा गराउनु पर्नेछ ।

(६) सामान्यतया संस्था दर्ताको २ वर्ष नपुगी सेयर वृद्धि हुनेछैन र सेयर वृद्धिको अन्तराल कम्तिमा २ बर्षको हुनेछ ।

**२. शेयर खरीद र अन्य सहकारीमा लगानी सम्बन्धि कार्यविधि :**

(१) बचत तथा ऋणको कारोवार गर्ने एउटा सहकारी संस्थाले सोही प्रकृतिको कारोवार गर्ने अर्को संस्थाको शेयर खरीद गर्न पाउने छैनन् ।

(२) यो कार्यविधि जारी हुनु अघि गरिएको अन्य निजी व्यवसाय वा कम्पनी वा फर्ममा गरिएको लगानी यो कार्यविधि जारी भएको एकवर्ष भित्र संस्थामा फिर्ता ल्याउने व्यवस्था मिलाउनु पर्नेछ । यो कार्यविधि जारी भएपछि कुनै निजी व्यवसाय वा व्यापारिक फर्म वा कम्पनीमा शेयर र ऋण लगानी गर्न पाइने छैन । यस कार्यविधि विपरीत गरिएको शेयर तथा ऋण लगानी संचालकहरुबाट असुल उपर गराई संस्थाको कोषमा दाखिला गर्न लगाइनेछ ।

(३) आफू सदस्य रहेको विषयगत संघ वा राष्ट्रिय सहकारी बैंक बाहेक कुनै पनि संस्थाले समानान्तर अर्को प्रारम्भिक संस्थामा बचत निक्षेप जम्मा गर्न पाउने छैन । विषयगत संघ वा सहकारी बैंकमा राखिएको निक्षेप रकमलाई तरलतामा गणना गरिने छ ।

(४) कार्यालयको स्वीकृतिमा सहकारी संस्थाहरुले लगानी साझेदारीमा उद्योग व्यवसायहरु संचालन गर्न सक्नेछन् । यस्तो उद्योग व्यवसायको व्यवस्थापनका लागि संचालक समितिले संचालक सदस्यबाट अवधि तोकी प्रतिनिधित्व गराउनु पर्नेछ वा विनियममा व्यवस्था गरी प्रतिनिधि निर्वाचन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) वित्तिय कारोवार बाहेकको उद्देश्यका लागि संस्थाहरुको संयुक्त वा एकल लगानीमा व्यवसाय संचालन गर्ने गरी सहकारी उद्योग वा व्यवसाय दर्ता गर्न सकिनेछ । लगानीको सीमा कार्यविधिको दफा ३३ को उपदफा (१) मा तोकिए बमोजिम हुनेछ ।

**३. संचालक र लेखा समितिको गठन :**

(१) एकै परिवारवाट एकभन्दा वढी व्यक्ति एउटै संस्थाको संचालक वा लेखा समितिको कुनै पदको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।कुनै पनि सहकारीमा कार्य गर्ने कर्मचारी र सञ्चालक वा लेखा समितिमा कार्य उम्मेदवार हुन र रु २ करोड भन्दा बढी कारोवार गर्ने सहकारीमा कुनै पदाधिकारी वा सञ्चालक सदस्य पारिश्रमिक प्राप्त गर्ने गरी कर्मचारीको रुपमा कार्य गर्न पाइनेछैन ।

(२) प्रारम्भिक संस्थामा कम्तिमा सात तथा बढीमा एघार जना सदस्य भएको संचालक समितिको गठन गर्नुपर्नेछ । समितिमा तेत्तीस प्रतिशत महिला सन्चालक पदाधिकारी वा सदस्य समावेस भएको हुनुपर्नेछ ।

(३) संस्थाबाट लिएको ऋणको भाखा नाघेको ऋण र तिर्नु बुझाउनु पर्ने अन्य रकम नबुझाएसम्म र बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कालो सूचीमा परेका व्यक्ति संचालक वा लेखा समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(४) संचालक समितिले आफ्नो ४ बर्षे पदावधि समाप्त हुनु भन्दा एक महिना अगावै नयाँ समितिको लागि निर्वाचन गराउनु पर्नेछ ।

(५) संस्थाको संचालक समितिको पदावधि समाप्त हुने अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गराई राख्नु पर्नेछ ।

(६) समितिको पदावधि समाप्त भएर पनि निर्वाचन नगराउने संस्थाको हकमा कार्यालयले निर्वाचन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यस कार्यमा सम्बन्धित संस्थामा विद्यमान पदाधिकारी, कर्मचारी एवं सदस्यहरुले आवश्यक सहयोग गर्नु पर्नेछ । यस अनुसार हुने निर्वाचनको व्यवस्थापनको जिम्मेवारी र लाग्ने खर्च सम्बन्धित संस्थाले व्यवस्था गर्नु पर्नेछ ।

(७) संस्थाको संचालक वा लेखा समितिमा उम्मेदवार हुने व्यक्तिले संस्थाको विनियम/निर्वाचन विनियमावली बमोजिमको ढाँचाको मनोनयन पत्र निर्वाचन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(८) कुनै पनि व्यक्ति एकै प्रकृतिको एक भन्दा बढी सहकारी संस्थाको सदस्य हुन पाउने छैनन । उजुरीका आधारमा सम्बन्धित कार्यालयले दोहोरो सदस्यता कानुन वमोजिम खारेज गर्नेछ ।

(९) संस्थाको संचालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा सदस्यले आफ्नो नाम कालो सूचिमा नपरेको, एकाघर परिवारका अन्य व्यक्तिले मनोनयन पत्र दाखिल नगरेको, र आफू सोही प्रकृतिको अन्य संस्थाको संचालक वा लेखा समितिको पदाधिकारी वा कर्मचारी नरहेको भनी मनोनयन पत्रमा उल्लेख गर्नु पर्नेछ ।

(१०) संस्थाको विनियममा संचालकको पदमा उम्मेदवार हुन सदस्य सदस्यहरुका बीच विभेद हुने गरी कुनै प्रावधान राख्न पाईने छैन । तर यस व्यवस्थाबाट संस्थाको संचालक समितिको दोस्रो कार्यकाल देखी एक कार्यकाल सम्म निरन्तर रुपमा संस्थाको सदस्य रही आर्थिक कारोबारमा संलग्न रहेको व्यक्ति हुनु पर्ने व्यवस्था गर्न तथा पछाडि परेका महिला वा निश्चित समुदायका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न विनियममा गरिएको विशेष व्यवस्था

अन्तर्गतका पदहरुमा सोही लिंग वा समुदायका व्यक्तिहरुले मात्र तोकिएको पदमा उम्मेदवार वन्न र निर्वाचित हुन वाधा पर्ने छैन ।

(११) मतदानमा सहभागी हुन पाउने सबैको हक सुरक्षित गर्नु पर्नेछ । बिशेष अवस्था आइपरेकोमा ठूलो भौगोलिक कार्यक्षेत्र रहेको वा पाँच सय भन्दा बढी सदस्य संख्या भएको सहकारी संस्थाहरुले क्षेत्रगत रुपमा संचालक समितिमा प्रतिनिधित्व सुनिश्चित हुने गरी विनियममा नै व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) प्रारम्भिक सहकारी संस्थाहरुको हकमा एक कार्यकाल संचालक समिति र लेखा समितिमा नरहेका व्यक्तिहरु कुनै पनि संस्थाको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैनन् ।

(१४) कर्मचारीहरुको सहभागितामा कर्मचारीहरु मात्र सदस्य हुन पाउने गरी संचालनमा रहेका संस्था बाहेकअन्य संस्थाको समितिको कुनै पनि पदको निर्वाचनमा वहालवाला निजामति कर्मचारी, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरु उम्मेदवार हुन पाउने छैनन । तर यस प्राबधानले सरकारको लगानी वा सम्पत्तिको उपयोगका कारणबाट संचालक समितिमा पदेन संचालकको भूमिका निर्वाह गर्न यस व्यवस्थाले बहालवाला निजामती कर्मचारीलाई कुनै  बाधा पुग्ने छैन ।

(१५) संचालक समितिको अध्यक्ष वा अन्य पदहरुमा उम्मेदवार हुने व्यक्ति संस्थामा कम्तिमा एक कार्यकालसम्म निरन्तर शेयर सदस्य रही सदस्यको दायित्व निर्वाह गरेको व्यक्ति हुनु पर्नेछ ।

**स्पष्टीकरण:** एक कार्यकाल भन्नाले संस्थाको विनियमावलीमा तोकिएको अवधिलाई गणना गरिनेछ । संस्थाको संचालक समितिको पहिलो निर्वाचन र पदावधि नसकिदै गरिने सोही पदाबवधिको निर्वाचनमा भने यस्तो व्यवस्था लागू हुने छैन ।

(१६) संचालक समितिको निर्वाचन गर्दा संचालक सदस्यहरुको मात्र निर्वाचन गरी संचालक सदस्यहरु मध्येबाट अध्यक्ष चयन गर्ने व्यवस्था गर्न सकिनेछ । संचालक समितिको निर्णयबाट अन्य सदस्यहरुको जिम्मेवारी तोक्न सकिनेछ ।

(१७) संस्थामा तत्काल कायम रहेको सदस्यता अनुपातका आधारमा संचालक समिति र लेखा समितिका पदाधिकारी निर्वाचनमा महिला नेतृत्व निर्वाचन हुने विशेष व्यवस्था मिलाउनु पर्नेछ ।

**४. संस्था संचालन अघि सहकारी सम्बन्धि अभिमुखीकरण तालिम लिनु पर्ने :**

(१) संस्था दर्ता प्रमाणपत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयर सदस्यहरुलाई सहकारी सम्वन्धि अभिमुखीकरण तालिम दिई सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको तालिमको व्यवस्था कार्यालयले तोकेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) संस्था दर्ताका लागि आबेदन गर्ने कम्तिमा असी प्रतिशत शेयर सदस्यहरुले अनिवार्य रुपमा यस्तो अभिमुखीकरण तालिम लिएको हुनु पर्नेछ । पिछडिएको क्षेत्र, समदाय र गरिब व्यक्तिहरुका लागि कार्यालयले स्वीकृत बजेटका आधारमा प्रत्येक महिनामा कम्तीमा एक पटक अभिमुखिकरण तालिम संचालन गर्न प्रशिक्षक, र तालिम कक्षको खर्च वहन गर्ने व्यवस्था गर्नेछ ।

(६) संस्थाहरुले शिक्षा, सूचना र तालिम कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धि ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) वार्षिक एक करोड भन्दा बढीको कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्था र  वचत तथा  ऋणको  कारोवार गर्ने वहुउद्देश्यीय  सहकारी  संस्थाका संचालक समिति र लेखा समितिका कम्तिमा पचास प्रतिशत पदाधिकारीहरुले यो कार्यविधि जारी भएको १ बर्षभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धि तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको तीन महिनाभित्र पालै पालो यसअघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ ।

**५. साधारण सभा सम्बन्धि कार्यविधि :**

(१) संस्थाले सहकारी विभागको साधारण सभा सञ्चालन सम्बन्धी निर्देशिका सहित कार्यालयले प्रदान गरेको निर्देशन समेतको आधारमा प्रत्येक बर्ष पौष मसान्तभित्र साधारण सभा सम्पन्न गर्नु पर्नेछ ।

२) साधारण सभा सम्पन्न भएको पन्ध्र दिनभित्र सम्बन्धित संघ संस्थाले लेखापरीक्षणको प्रतिवेदन, कारोवाको वार्षिक प्रतिवेदन, अध्यक्ष लगायत मौजुदा कार्यसमितिभन्दा १ जना थप सदस्यहरुले प्रमाणित गरेको सभाको निर्णयका प्रतिलिपिहरु, सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए संचालक र लेखा समितिका पदाधिकारीहरुको व्यक्तिगत विवरण समेत तोकिएको ढाँचामा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) साधारण सभाको सूचना प्रशारणमा देहायका  प्रक्रियाहरु पुरा  गर्नु संस्थाको कर्तव्य हुनेछ ।

(क) संस्थाको विनियममा अन्यथा व्यवस्था भएको बाहेक सामान्यतः साधारण सभा बस्ने सूचनामा पन्ध्र दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ख) विशेष साधारण सभाको सूचनामा सात दिन अगाडि प्रकाशन र प्रशारण गर्नु पर्नेछ ।

(ग) सूचनाका लागि सबै सदस्यहरुले जानकारी पाउने माध्यमको उपयोग गर्नु पर्नेछ ।

(घ) प्रकाशित वा प्रशारित सूचनाको जानकारी सम्बन्धित कार्यालयलाई सूचना प्रकाशित भएको मितिले तीन दिन भित्र छिटो साधनद्वारा गराउनु पर्नेछ ।

(ङ) सूचनामा सभा बस्ने स्थान, मिति, समय, र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समाबेश गर्नु पर्नेछ ।

(च) नयाँ संचालक समिति र लेखा समिति वा रिक्त पदहरुमा निर्वाचन गर्नु पर्ने भए निर्वाचन सम्बन्धी कार्यक्रमको संक्षिप्त विवरण समेत अनिवार्य रुपमा प्रकाशन वा प्रशारण गर्नु पर्नेछ ।

(झ) सूचना प्रकाशन वा प्रशारणमा प्रभावकारी माध्यम प्रयोग नभई बहुसंख्यक सदस्यहरुले जानकारी नपाएको लागेमा वा प्रयाप्त समय नदिइएको पाइएमा कार्यालयले सभा बस्ने नयाँ मिति कायम गर्न र प्रभावकारी सूचना सम्प्रेषणका लागि निर्देशन दिन सक्नेछ ।

(ञ) सभा बस्ने स्थान संस्था दर्ता भएको क्षेत्र भित्रको कार्यालय परिसर वा नजिकको सभा हलमा व्यवस्थापन गर्नु पर्नेछ ।

(ट) साधारण सभा संचालन भड्किलो र खर्चिलो रुपमा गरेको पाइएमा कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको कार्यविधि तयार गरी वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) सामान्यतया नियमित वार्षिक साधारण सभा प्रारम्भिक सहकारी संस्थाहरुले आश्विन महिना भित्र सम्पन्न गर्नुपर्नेछ । तर पौष मसान्तभित्र अनिवार्य रुपमा साधाणसभा गरिसक्नु पर्नेछ ।

**६.साधारण सभा र निर्वाचन संचालन सम्बन्धि थप प्राबधानहरु** :

(१) एक हजार भन्दा बढी शेयर सदस्य भएका संस्थाको हकमा प्रत्येक दश जनाबाट एक जना प्रतिनिधि सहभागी हुने गरी साधारण सभा सम्पन्न गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि छान्ने प्रयोजनका लागि सम्वन्धित संस्थाले सदस्यहरुको आधारमा क्षेत्र विभाजन गर्नु पर्नेछ । एक क्षेत्रमा पाँच सय र बढीमा एक हजारभन्दा वढी सदस्य राख्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम प्रतिनिधि छनौट कार्य गर्दा सहकारी ऐनमा ब्यवस्था भए बमोजिमको गणपुरक संख्या पुगेको हुनु पर्नेछ ।

(४) प्रारम्भिक संस्था तथा सन्जालको साधारण सभामा कार्यालयले सम्भव भए सम्म प्रतिनिधि पठाउनु पर्नेछ ।

(५) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा कार्यालयले प्रतिनिधि खटाउन सक्नेछ ।

(६) कार्यालयका कर्मचारी उपलब्ध नभएमा संस्था रहेको वा निर्वाचन सम्पन्न हुने स्थानका स्थानीय बहालवाला सरकारी कर्मचारी वा विद्यालयका स्थायी शिक्षक वा मान्यता प्राप्त कानून व्यवसायी मध्येबाट मतदान अधिकृत नियुक्त गर्न सकिनेछ ।

(७) मतदान अधिकृतले संस्थाका मतदाता नामावली यकीन गराउनु पर्नेछ । यसका लागि संस्था तथा संघको आधिकारिक पदाधिकारीको हस्ताक्षर सहितको मतदाता नामावलीको सक्कलै एक प्रति मतदान अधिकृतले आफूसँग सुरक्षित राख्नु पर्नेछ । शेयर सदस्य यकीन गर्न संस्था तथा संघको स्वीकृत विनियम, कार्य क्षेत्र, र कार्यविधिको व्यवस्था अध्ययन गर्नु पर्नेछ । संस्थाका जिम्मेवार पदाधिकारीले संचालक समितिले स्वीकृत गरेको र मतदान अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एकप्रति सम्बन्धित कार्यालय वा विभागमा मतदान सम्पन्न भएको सात दिन भित्र उपयुक्त र छिटो संचार माध्यमबाट पठाउनु पर्नेछ ।

(८) निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियाहरु पुरा नगरी गरिएको निर्वाचन वैधानिक हुने छैन । निर्वाचन सम्बन्धि सबै कागजपत्रहरु सिल गरी प्रमाणित गराई तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ । निर्वाचन सम्बन्धि प्रारम्भिक सुनुवाई सम्बन्धित कार्यालयले गर्नेछ । निर्वाचन प्रक्रिया पुरा नगरी भएको भन्ने लागेमा निर्वाचन सम्पन्न भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयमा उजुरी दिई सक्नु पर्नेछ । म्याद नाघी आएको उजुरी उपर कुनै सुनुवाई हुने छैन । कार्यालयले उजुरी परेको एक महिना भित्र छानबिन गरी निर्णय उपलब्ध गराउनु पर्नेछ । कार्यालयले गरेको निर्णय उपर चित्त नबुझे म्याद भित्र नियमानुसार पुनरावेदन गर्न सकिनेछ ।

(९) संस्था वा संघले उपरोक्त बमोजिमको निर्वाचन सम्बन्धि नयाँ व्यवस्था आफ्नो विनियममा संशोधन गरे पछि मात्र लागु गर्नु पर्नेछ ।

**७. विनियम संशोधन नगरिने :**

(१) संस्थाको प्रारम्भिक साधारण सभाले विनियम संशोधन गर्न सक्ने छैन ।

(२) साधारण सभामा विनियम संशोधन प्रस्ताव गर्नु पूर्व सम्बन्धित कार्यालयको प्रचलित कानून, विभागले जारी गरेको कार्यविधि र निर्देशन बमोजिम भए नभएको बारेमा सैद्धान्तिक सहमति लिनु पर्नेछ । पूर्व सहमति नलिई गरिएको परिमार्जन प्रचलित कानून, कार्यालयले जारी गरेको कार्यविधि र निर्देशन बमोजिम नभए प्रमुख प्रशासकीय अधिकृतले सो प्रावधान अस्वीकृत गर्न सक्नेछ ।

(३) संस्था वा संघको प्रस्तावना विपरित हुने गरी विनियम संशोधन गरिने छैन ।

**८. संस्था संचालन अघि सहकारी सम्बन्धि अभिमुखीकरण तालिम लिनु पर्ने :**

(१) संस्था दर्ता प्रमाणपत्र प्राप्त गर्नु पूर्व संस्था दर्ताका लागि आवेदन गर्ने शेयरसदस्यहरुलाई सहकारी सम्वन्धि अभिमुखीकरण तालिम दिई सो को प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको व्यवस्था कार्यालयले तोकेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । अभिमुखिकरण तालिमको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(४) संस्था दर्ताका लागि आबेदन गर्ने कम्तिमा असी प्रतिशत शेयर सदस्यहरुले अनिवार्य रुपमा यस्तो अभिमुखीकरण तालिम लिएको हुनु पर्नेछ । पिछडिएको क्षेत्र, समदाय र गरिब व्यक्तिहरुका लागि कार्यालयले स्वीकृत बजेटका आधारमा आवश्यकता अनुसार अभिमुखिकरण तालिम संचालन गर्न प्रशिक्षक, र तालिम कक्षको खर्च वहन गर्ने व्यवस्था गर्नेछ ।

(६) दर्ता भई सञ्चालनमा रहेका संस्थाहरुले सहकारी प्रबर्द्धन वा सहकारी शिक्षा, सूचना र तालिम कोषको उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धि ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) वार्षिक एक करोड भन्दा बढीको कारोवार गर्ने वचत तथा ऋण सहकारी संस्था र वचत तथा ऋणको कारोवार गर्ने वहुउद्देश्यीय सहकारी संस्थाका संचालक समिति र लेखा समितिका कम्तिमा पचास प्रतिशत पदाधिकारीहरुले यो कार्यविधि जारी भएको छ महिनाभित्र संस्था व्यवस्थापन, सहकारी लेखापालन र लेखापरीक्षण सम्बन्धि तालिम लिनु पर्नेछ । संचालक समिति र लेखा समितिको नयाँ निर्वाचन भएको तीन महिनाभित्र पालै पालो यसअघि तालिम नलिएका पदाधिकारीहरुलाई उपरोक्त तालिम लिने व्यवस्था संस्थाले मिलाउनु पर्नेछ ।

## ७. पुनर्गठन प्रक्रिया :

प्रारम्भिक सहकारी संस्थाको मौजुदा अवस्थामा कार्यकारण, कार्यक्षेत्र र कार्य सञ्चालन पद्धतिको सुधारको लागि सम्बन्धित संस्थाबाट प्रस्ताव भएमा संस्थाको स्थानीयकरण, रुपान्तरण, एकिकरण, बिस्तारण वा संकुचन वा पुनःसंरचना सहित सांगठनिक समायोजन गर्न सकिनेछ । यस क्रममा कार्यालयका तर्फबाट तयार गरिएको नियामक मानदण्डहरु लागु गरिनेछ ।

**१. स्थानीयकरण :**

(१) कार्यक्षेत्रको व्यापक फैलावट भएका संस्थाको सदस्य वा सेवा संचालन नभएको वा नगण्य मात्रामा भएको, भौगोलिक निरन्तरता नभएको र सदस्यहरुबीच साझा बन्धन कायम हुन नसक्ने देखिएका कार्यक्षेत्रलाई झिकेर समुदायमा आधारित सहकारी गतिविधि सघन तुल्याइवा सदस्य केन्द्रित रुपमा सञ्चालन गर्नुपर्नेछ ।

(२) स्थानीय तहभित्र एक भन्दा बढी वडाहरुमा कार्यक्षेत्र ओगटेको तर सदस्यहरुको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण स्थापना गर्न नसकेको सहकारी संस्थालाई स्थानीयकरण गरी संचालन प्रक्रियामा चुस्तता तथा सदस्यको नियन्त्रण कायम गराउनु पर्नेछ ।

(३) सदस्य र कारोवार नभएका वा कूल सदस्यको १५ प्रतिशत भन्दा कम शेयर सदस्य भएका वा कूल कारोवारको १० प्रतिशत कारोवार नभएका वडा/वडाहरुबाट सेवा हटाउनु पर्नेछ ।

(४) सहकारीका शेयर सदस्यहरुलाई पायकका वडाहरु मिलाई विभिन्न वडाहरुमा बराबर जस्तै सदस्यताका साथै कारोवार संचालन भएको अवस्थामा पायकका वडा वा वडाहरु पारी विभाजनको प्रक्रियाबाटदुई वा तीन संस्था बनाएर सञ्चालन गर्न सकिनेछ ।

(५) लेखापरिक्षण प्रतिवेदन, संस्थाको बार्षिक प्रतिवेदनका आधारमा लेखा सुपरिवेक्षण समितिले अध्ययन गरी साधारण सभामा प्रस्ताव पेश गरी साधारण बहुमतबाट पारित भएपश्चात कार्यालयमा निवेदन र निर्णयको प्रतिलिपी सहित अनुरोध पत्रका आधारमा कार्यालयले स्थानीयकरणको प्रक्रिया पूरा गर्नेछ ।

(६) साविकमा कार्यक्षेत्र भित्र रहेका तर राज्य पुनसंरचना पश्चात अलग गाउपालिकामा पर्न गएको र वडा फुटाई पुनर्संरचना गरिएकोमा त्यस्ता वडा वा वडाहरुलाई घटाइ सहकारीको स्थानीकरण गर्न सकिनेछ ।

(७) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले स्थानीय तहसंग सम्वन्धनका हिसावले पनि कार्यक्षेत्र झिकी वा विभाजनको प्रक्रियाबाट स्थानीय तहभित्रै स्थानीयकरण हुन सक्दछन् । यस कार्यमा आवश्यक प्रक्रिया पूरा गरी प्रदेशको सहकारी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(८) स्थानीयकरणको आवश्यकता रहेको अवस्थामा पनि संस्थाले स्थानीयकरणको प्रक्रिया अघि नबढाएमा कार्यालयले निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशनलाई ६ महिनाभित्र साधारण सभा मार्फत पालना गराई पेश गर्नुपर्नेछ ।

**२. कार्यक्षेत्र विस्तारण** :

ऐनको दफा ६ अनुसार दर्ता भएका कुनै पनि सहकारी संस्था नगर सहकारी नियमावलीको दफा ९ को उपदफा २ अनुसार संस्था दर्ता भई ब्यावसायिक सेवा प्रारम्भ गरेको २ बर्ष वा क्षेत्र विस्तार गरेको ३ बर्ष पूरा भएको वा २ वा सो भन्दा बढी सहकारीको एकिकरण गरेको २ बर्ष पूरा भएको संस्थाको सेवामा अभिबृद्धि गर्न देहायको शर्तहरु पूरा गरेको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी २ वटा वडादेखि पालिकाभरसम्म आफ्नो कार्यक्षेत्र विस्तार गर्न कार्यालयले स्वीकृती प्रदान गर्न सक्नेछ :

क) संस्थाको ब्यावसायिक क्रियाकलापको विकास क्रममा सदस्यता विस्तार गर्न थप कार्यक्षेत्र आवश्यक परेमा ।
ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको ।
ग) नगरपालिकामा तोकिएको मापदण्ड प्रतिकूल नहुने गरी सञ्चालनमा रहेको बचत तथा ऋण सहकारी संस्था ।
घ) सदस्यहरुबीच स्वावलम्बनको पारस्परिक अभ्यासका लागि आपशी साझा बन्धन (कमन बण्ड) कायम रहेको ।
ङ) ब्यावसायिक स्तरमा सेवा सञ्चालन गर्न आवश्यक सदस्य संख्या अपुग देखिएमा । वा उत्पादनको संकलन, सञ्चय, प्रशोधन सुविधाको दृष्टिले न्यूनतम आयतन कायम गर्न आवश्यक भएमा ।
च) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थानमा रहेको ।
छ) जलबिद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सञ्चार, बिशेष कृती वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता ब्यावसायिक क्षेत्र एवं सदस्यहरुको सहभागिता बिस्तारका कारण फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने देखिएमा ।
ज) आफ्नो कार्यक्षेत्रमा सेवा उपयोगकर्ताहरुलाई स्वैच्छिक रुपमा सहभागी गराई तथा विपन्न सदस्यहरुलाई लक्ष्यित गरी सृजनात्मक सेवाहरुको व्यवस्था मिलाउनु आवश्यक देखिएमा ।
झ) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको । वा सिंचाई सविधा, प्राविधिक रेखदेख, रोगब्याधकिो दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएमा
ञ) सेवाको माग, प्रति एकाई लागत सञ्चालन खर्च व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट कार्यक्षेत्र बिस्तार आवश्यक भएको ।
ट) विदुर नगरपालिका भित्रको आंशिक क्षेत्रहरुमा कार्यक्षेत्र विस्तारको माग गर्ने संस्थाको शेयर पूँजि कम्तिमा २० लाख रुपैयाँ र नगरपालिकाभर कार्यक्षेत्र माग गर्ने संस्थाको पूँजि पचास लाख रुपैयाँआवश्यक हुनेछ ।

तर सदस्यहरुको बसोबासको प्रकृती, पायक पर्ने स्थान, स्थानीय अवस्थिति र तोकिए बमोजिम बिशेष ब्यावसायिक आवश्यकताका आधारमा कार्यक्षेत्र विस्तार गर्न भने बाधा पर्नेछैन । साथै विदुर नगरपालिका भित्रका दुई वा दुईभन्दा बढी एकै प्रकृतिका संस्थाहरु एउटै संस्थामा गाभिन आएमा वा अर्को नामबाट संस्था संचालन गर्ने गरी प्रक्रिया पुरा गरी एक अर्कामा गाभिएमा गाभिएका संस्थाहरुले कारोवार गरेका क्षेत्रहरु समेत कार्यक्षेत्र कायम गर्न प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति दिन सक्नेछ ।

**३. कार्यक्षेत्र बिस्तार सम्बन्धी कार्यविधी :**

ऐन तथा नियमावली बमोजिम कार्यक्षेत्र बिस्तार गर्न देहाय बमोजमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।
१) कार्यविधीको दफा ७ (२) का बुंदाहरु कायम रही क्षेत्र विस्तारको आवश्यकता देखिएको ।
२) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग गरिएको आवेदन । कार्यक्षेत्र थपको माग गर्दा कार्यक्षेत्र विस्तार गरिने क्षेत्रका बासिन्दाहरुको सदस्यता माग सम्बन्धी विवरण (नाम, ठेगाना, नागरिकता र हस्ताक्षर) पेश गर्नु पर्नेछ ।
३) दाहोरो सदस्यता नहुने सुनिश्चितता गरिएको ।

४) विनियम संशोधनको प्रक्रिया पूरा गरेको ।
५) आफ्ना शेयर सदस्यहरुको विवरण मन्त्रालयको तोकेको बिद्युतीय सूचना प्रणालीमा आबद्ध गरेको ।
६) मौजुदा सदस्यहरुमा खराब ऋणको अवस्था न्यून रहेको ।
७) संस्था सञ्चालनका लागि आवश्यक कार्याविधीहरु तयार गरी कार्यान्वयन गरेको ।
८) सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धमा कार्यान्वयन अधिकारी तोकिएको ।
९)प्रचलित सहकारी ऐन, नियम र कार्यालयले जारी गरेको कार्यविधि र निर्देशनहरुको पालना गरेको विवरणलाई संस्थाको निरीक्षण प्रतिवेदनबाट पुष्टि हुनुपर्ने ।
१०) नगर भित्रको आंशिक कार्यक्षेत्र विस्तार गर्न संस्था संचालनमा आएको कम्तिमा दुई आर्थिक वर्ष पुरा भएको हुनु पर्ने । नगरभर कार्यक्षेत्र विस्तार गर्न भने संस्था संचालनमा आएको कम्तिमा पाँच आर्थिक वर्ष पुरा भएको हुनु पर्नेछ ।
२) कार्यक्षेत्र विस्तारका लागि संस्थाले निम्नानुसारको विवरणहरु पेश गर्नुपर्नेछ :
क) मौजुदा कार्यक्षेत्रमा संस्थाको शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र अनुसारको सञ्चालन खर्च, कारोवार र विगत ३ बर्षको नाफा नोक्सानको विवरण सहित लेखापरिक्षण विवरण । लेखापरिक्षण विवरणमा लगातार ३ बर्ष नाफामा सञ्चालन भएको हुनुपर्नेछ ।
ख) मौजुदा कार्यक्षेत्रको स्थानीय तह वा वडा अनुसार सदस्यहरुको नामथर, ठेगाना, शेयर र बचतको विवरण
ग) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चालन गरेको उद्योग, लगानी र ब्यावसायीक सेवा सुविधाहरुको स्थानीय तह र वडा अनुसारको विवरण
घ) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं सेवा विस्तारको लेखाजोखा गरिएको अनुगमन प्रतिवेदन ।
ङ) विस्तारका लागि प्रस्ताव गरिएको क्षेत्रको सम्भाब्यता अध्ययन प्रतिवेदन ।
च) साधारण सभाको निर्णय
उल्लेखित अनुसार पेश गरिएका विवरणहरु मनाशिव देखिएमा संचालनमा आएको कम्तिमा दुई आर्थिक वर्ष पुरा भएको संस्थालाई कार्यालयले नगर भित्रको आंशिक कार्यक्षेत्र विस्तार गर्न र कम्तिमा पाँच आर्थिक वर्ष पुरा भएको भएमा नगरभर कार्यक्षेत्र विस्तार गर्न स्वीकृती प्रदान गर्न सक्नेछ ।

**४. रुपान्तरण :**

**१) रुपान्तरणको प्रक्रिया :**
कुनै मनाशिव कारणले संस्थाले विषय परिवर्तन वा प्रकृति परिवर्तन गर्न सक्नेछ । त्यस्ता सहकारी संस्थाले बिद्यमान सहकारीलाई निम्नानुसार रुपान्तरण गर्न सक्नेछ :

**१) बचत परिचालन नगर्ने संस्थाबाट नगर्ने नै संस्थामाः**
बचत तथा ऋणको कारोवार नगरी ग्रामीण क्षेत्रमा संचालित दुग्ध उत्पादक सहकारी संस्था कृषि सहकारी संस्थामा रुपान्तरण हुन चाहेमा विनियम संशोधनको प्रकिया पूरा गरेर रुपान्तरण गर्न सकिनेछ तर कार्यालयले उक्त संस्थाको नियमन सरोकारको जांच गर्न सक्नेछ ।

**२) बचत तथा ऋणको विषयगत संस्थाबाट बहुद्धेश्यीय संस्थामा**

स्थानीय तहको कुनै वडामा संचालित बचत तथा ऋणको विषयगत सहकारी संस्था बहुद्धेश्यीय सहकारी संस्थामा परिणत हुन चाहेमा देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ :

- ✓ पछिल्लो ३ वर्षहरुमा घाटा भएको वा समस्यामा परेको हुनु नहुने ।
- ✓ संस्थाले नियमित बचत मात्र संकलन गरेको हुनुपर्ने ।
- ✓ नियमित बचत बाहेक अन्य प्रकृतिका बचत लिएको भए सो बचतहरु फिर्ता गरेको हुनुपर्ने ।
- ✓ बहुउद्धेश्यीय संस्थाको रुपमा विनियम स्वीकृत भएपछि ३ वर्षभित्रमा बचत दायित्व र सदस्यतर्फी वार्षिक खरिद र बिक्री कारोवार समेत गरी हुने जम्मा कारोवारमा बचतको अनुपात ३० प्रतिशत भन्दा कम हुनुपर्ने बमोजिमको कार्ययोजना अहिले नै पेश गर्नुपर्ने ।
- ✓ कार्यक्षेत्र भित्रका सबैलाई सेवा प्रवाह(उत्पादक, उपभोक्ता, श्रमिक) निम्ति सदस्यता खुला गर्नुपर्ने ।
- ✓ दिग्दर्शनको अनुसूची १, २ र ३ मा उल्लेखित नियामक सरोकारको कुनै विषय छुटेको भए समावेश गर्न लगाउने ।

- ✓ बचत दायित्व र कारोवार रकममा अनुपात सम्वन्धी शर्त माथि उल्लेख भए बमोजिम ३ वर्ष भित्रमा र अन्य शर्तहरु १ वर्ष भित्रमा पूरागर्ने गरी साधारणसभाको निर्णय सहित पेश गर्नुपर्ने ।
- ✓ माथि उल्लेख भए बमोजिम निवेदन प्राप्त भएपछि दर्ता गर्ने अधिकारीले वास्तविकताको जांच गरी पूर्व स्वीकृति दिने तथा दिएको म्याद भित्र प्रकिया पूरा गरी विनियम संशोधनको स्वीकृति दिने ।
- ✓ संस्थाको साधारण सभाको बहुमतबाट पारित गरेको हुनुपर्ने ।

**३. बहुद्धेश्यीय संस्थाबाट बचत तथा ऋणको विषयगत संस्थामा**

स्थानीय तहको कुनै वडामा संचालित बहुद्धेश्यीय सहकारी संस्था बचत तथा ऋणको विषयगत सहकारी संस्थामा परिणत हुन चाहेमा देहायका शर्तहरु पूरा गरेको हुनुपर्ने :

- ✓ संस्थाको साधारण सभाको बहुमतबाट पारित गरेको हुनुपर्ने ।
- ✓ पछिल्लो वर्षहरुमा घाटा भएको अथवा समस्यामा परेको हुनु नहुने ।
- ✓ बचत परिचालन वाहेक अन्य जुनसुकै व्यवसाय चलाएको भए वन्द गर्नुपर्ने तथा सो व्यवसायको सम्पूर्ण दायित्व फरफारक गरी सम्पत्ति नगदमा परिणत भएको हुनुपर्ने ।
- ✓ बचत तथा ऋणको संस्थामा परिणत भएको ३ वर्षभित्रमा संरक्षण, संरचना, सम्पत्ति, लागत, तरलता समेतको वित्तीय अनुशासनका मानदण्डहरु पूरा गर्न प्रतिवद्ध हुनुपर्ने ।
- ✓ बचत तथा ऋणको कारोवार गर्ने वाहेक अन्य सदस्यहरु हटाउने
- ✓ सम्पत्ति शुद्धिकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी मापदण्ड पूर्ण रुपमा पालना गरेको हुनुपर्ने ।
- ✓ दिग्दर्शनको अनुसची १, २ र ३ बमोजिम नियामक सरोकारका कुनै विषय समावेश गर्न छुट भएको भए विनियममा समावेश गराउने ।
- ✓ प्राथमिक पूंजीकोष र जम्मा बचत दायित्वको अनुपात १:१५ भित्र हुनुपर्ने ।
- ✓ माथि ३ वर्षका लागि तोकिएको वाहेकका अन्य शर्तहरु १ वर्षभित्र पूरा गर्ने गरी प्रतिवद्ध हुनुपर्ने ।

**४. नियमित बचत परिचालन गर्ने उत्पादक वा श्रमिक संस्थाबाट नियमित बचत नै परिचालन गर्ने अर्को विषयको उत्पादक वा श्रमिक संस्थामा**

- यस्तो अवस्थामा दिदग्दर्शनको अनुसूची १, २ र ३ बमोजिम नियामक सरोकारका विषयवस्तुहरु विनियममा समावेश गर्न लगाई तथा विषयगत हिसावले जो चाहिने र नचाहिने कुराहरु थपघट गर्न लगाई विनियममा संशोधन गरी रुपान्तरण गर्न सकिनेछ ।

**५. नियमित वा अन्य प्रकारले बचत परिचालन गर्ने उत्पादक वा श्रमिक वा बहुद्धेश्यीय संस्थाबाट बचत परिचालन नगर्ने अर्को उपभोक्ता संस्थामा**

- सदस्यको बचत दायित्व फछ्र्यौट गर्न लगाई अन्य आवश्यक कुराहरु विनियममा थपघट गर्न लगाई विनियम संशोधन गरी रुपान्तरण गर्न सकिने ।
- रुपान्तरणको निर्णय गर्दा संस्थाले बचत परिचालन गर्ने हो, होइन तथा बचत परिचालन गरेमा यसको प्रकृति कस्तो हुने भन्ने यकिन गर्नुपर्ने ।
  तर साझा वन्धन (Common Bond)संगठनको नाताले दर्ता हुने तथा निश्चित समुदायको नाताले संञ्चालित हुन खोज्ने प्रवृत्ति रहेको पाईएमा दर्ता गर्ने अधिकारीले दर्ता अस्विकार गर्न सक्नेछ ।

## ५. एकिकरण तथा विभाजन

**१) एकिकरण :**

अनावश्यक सहकारीको संख्या, दोहोरो सदस्यता, फजूल संचालन खर्च लगायतका असंगतिहरुलाई हटाएर स्वच्छ र प्रतिस्पर्धी व्यवस्थित सहकारी निर्माणका लागि मिल्दाजुल्दा संस्थाहरुलाई एकिकरण गराएर सांगठनिक एवं व्यवसायिक सक्षमता हासिल गर्नेक र बढी लाभांस वितरण गर्न सक्षम गराउनका लागि कार्यालयले एकिकरणको आव्हान गर्न सक्ने वा संस्था स्वयंले एकिकरणको प्रक्रिया पूरा गर्न सक्नेछ । एकिकरणका लागि निम्नलिखित अवस्था वान्छनीय हुन्छः

- कार्यक्षेत्र एक अर्काको भित्रै पर्ने
- साझा वन्धन एकैनास भएको

- संस्थाहरु एकै विषय वा प्रकृतिको रहेको
- फरक विषयको भएतापनि खासमा एकै विषयमा प्रतिस्पर्धा भइरहेको वा

  एकै स्थानमा विभिन्न विषय र प्रकृतिका धेरै संघ/संस्थाहरुरहेको भएमाफरक विषय वा प्रकृति भएतापनि कार्यालयले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।
- कम्तिमा एक तिहाई सदस्य दोहोरो परेको ।

तर निम्नअनुसारको अवस्था बिद्यमान रहने भएमा एकिकरण गर्न सकिनेछैन ।

क) एकिकृत संस्थाको सदस्य संख्या साधारतया ८००० भन्दा बढी भई सदस्य वैठकहरु भीड हुने भएमा ।

ख) समुदायको साझा वन्धनका आधारमा गठन भएका संस्थाहरु एकिकृत हुंदा कार्यक्षेत्र थप भई सदस्यहरु वीच साझा वन्धनको अभाव रहने अवस्था भएमा ।

ग) व्यवसायिक (सहकारी) औचित्यबाट सदस्यहरुको आम सहमतिमा नभई कुनै निहित वा निर्देशित रुपमा एकिकरणको प्रस्ताव ल्याइएमा ।

घ) महिलाहरुबाट संचालित संस्था अन्य संस्था संग गाभ्ने प्रस्ताव भएमा तर महिलाहरुको संस्थाको ८० प्रतिशित सदस्यको हस्ताक्षर सहितको साधारण सभाले निर्णय गरेमा एकिकरणमा बाधा पर्नेछैन ।

ङ) दलित समुदाय, अपांगता भएका व्यक्तिहरु र सामाजिक रुपमा सीमान्तकृत अन्य वर्गको बाट संचालित सहकारी संस्थाहरुको सांगठनिक गतिशीलतामा तात्विक अन्तर पर्ने गरी अर्को संस्थामा गाभ्ने प्रस्ताव । तर त्यस्ता संस्थाको ८० प्रतिशित सदस्यको हस्ताक्षर सहितको साधारण सभाले निर्णय गरेमा एकिकरणमा बाधा पर्नेछैन ।

च) हाल कारणवश निष्क्रिय भएतापनि जायजेथा भएका र सरोकारवालाहरुको प्रयासबाट पुनः संचलान गर्नुपर्ने पुराना साझा संस्थाहरुलाई अर्को संस्थामा गाभ्ने प्रस्ताव ।

छ) कुनै सभ्रान्त वर्गको चाहनाले अल्पसंख्यक वा अति गरिब समुदायको सहकारीलाई गाभी एकिकृत संस्थामा सदस्यहरुको प्रत्यक्ष सहभागिता र लोकतान्त्रिक नियन्त्रण नहुने अवस्था देखिएमा ।

**२. एकिकरण ब्यवस्थापन प्रक्रियाः**

संस्थाले एकिकरण ब्यवस्थापन प्रक्रिया निम्नानुसार गर्नु पर्नेछ :

क) एकीकरण गरिने संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

ख) एकीकृत हुने संघ/संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तर्क्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने,

(ग) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न बढीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने, (घ) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूची-१ बमोजिमको शर्त तथा कार्यविधि तयार पारी बढीमा ७ दिनभित्र एकीकृत हुन चाहने संस्थाहरूमा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संस्थाहरूको सञ्चालक समितिको बैठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने,

(च) एकीकरण गर्ने संघ/संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्बन्धित संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

(छ) एकीकरणमा संलग्न हुने संघ/संस्थाहरुले सम्वन्धित कार्यालय र छाता संगठनको आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

**३ सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था :**

(१) विभाग/कार्यालयबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संघ/संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनुपर्नेछ ।

(२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संघ/संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेकोहुनुपर्नेछ :-

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन र

(च) अन्य आवश्यक विषयहरु ।

**४. कार्यालयले अपनाउनु पर्ने कार्य प्रक्रिया :**

(१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयहरुले निम्नानुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) कार्यालयसँग एकीकरण लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

(ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको दुईतिहाई वहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

(ग) कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी स्थानीय स्तरको पत्रिकामा कम्तिमा एक पटक प्रकाशन गर्ने गराउने, स्थानीय एफ.एम रेडियोहरुबाट प्रशारण गराउने, कार्यालय, जिल्ला सहकारी संघ लि.,विषयगत जिल्ला सहकारी संघ लि. र सम्बन्धित संस्थाको सूचनापाटीमा टाँस्न गरी गुनासो उजुरी माग गर्ने,

(घ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए त्यसको गहनताको अध्ययन गर्ने,

(ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्बन्धित कार्यालयबाट खुलाउनु पर्ने विषयहरु खुलाएर एकीकरण सम्बन्धी निर्णय लिने,

(च) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

(छ) संस्था एकिकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ, सहकारी विभाग लगायतका निकायमा पठाउने ।

(ज) स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक कर कार्यालयको सहमति लिने ।

(२) संस्थाहरुको एककिरण गर्दा हाल कायम रहेको नाम चाहे अन्य नाम प्रस्ताव गरिएमा मापदण्ड बमोजिम नयां नाम दिने प्रयोजनका लागि विभागको सहमति आवश्यक नपर्ने ।

**५. अन्तिम स्वीकृति सम्बन्धी व्यबस्था :**

(१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृत पाएका संघ/संस्था दफा ८ बमोजिमको प्रतिवेदन र दफा ११ बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त केन्द्रीय संघ भए विभागमा र विषयगत, जिल्ला संघ र प्रारम्भिक छ संस्था भए सम्बन्धित कार्यालयमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) एकीकरण हुने संघ/संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तोसमझदारीपत्र र एकीकरण समिति गठनको निर्णय,

(ग) एकीकरण हुने/संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

(घ) एकीकरण हुने संघ/संस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) कार्यालयलेतोकेका अन्य कागजात तथा विवरण,

(ङ) एकीकृत हुन आउने संस्थाहरूको तोकिएको ढाँचामा संयुक्त आवेदन

(च) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(छ) एकीकरणको शर्त र कार्यविधि,

(ज) एकीकरण हुने संघ/संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(झ) विभाग/कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक

सूचना जारी गरेको सूचना,

(ञ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने,

(ट) एकीकरणका लागि विभाग/कार्यालयमा पत्राचार गर्दा एकीकृत हुन चाहने संघ/संस्थाहरूको अघिल्लो बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

(ठ) एकीकृत संघ/संस्थाको विनियममा "एकीकृत संघ/संस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरेको मानिनेछ" भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

(ड) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संघ/संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको निवेदन उपर विभाग/कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संघ/संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले विभाग/कार्यालयमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालयले उक्त निवेदन, सोसँग संलग्न अनुसूची २ मा उल्लेखित चेकलिष्ट अनुसारको कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संघ/संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संघ/संस्थालाई दिनेछ ।

(६) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संघ/संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएकोनिवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्‍याएकोमानिने छैन ।

(७) कार्यालयले कुनै संघ/संस्था एकीकरण सम्बन्धमा आफूले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने समेतको व्यहोरा सर्वसाधारणको जानकारीका लागि पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा एकिकरण हुनु भन्दा अगाडीका संस्थाले गरेको कामहरु एकिकरण हुन संस्थाले गर्ने व्यहोरा समेत राख्नु पर्नेछ ।

८) एकिकरणको थप प्रक्रिया सहकारी संघ/संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७० अनुसार हुनेछ ।

**२. संस्था विभाजन सम्बन्धि व्यवस्था** :

सहकारी ऐन, २०७४ को दफा ८७ तथा नियमावलीको नियम ४० बमोजिम एक संस्था दुई वा दुईभन्दा वढी संस्थाहरुमा विभाजन गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

(१) विभाजन हुन चाहने सम्बन्धित संस्थाको साधारण सभाको दुई तिहाइ बहुमतबाटसंस्था विभाजन गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(२) साधारण सभाबाट संस्थाको विभाजन गर्ने निर्णय गर्दा देहायका विषय खुलाउनु पर्नेछ ।

(क) कति जना सदस्यहरु संस्थाबाट अलग हुने हुन सो को नाम नामेसी र निजहरुले लिएको शेयर रकमको विवरण ।

(ख) संस्थाको विनियम बमोजिमका कोषहरुका छुट्टाइएको रकमको बाँडफाँड सम्बन्धि विवरण ।

(ग) संस्थाको नाफा नोक्सानको बाँडफाड सम्बन्धि विवरण ।

(घ) संस्थाको सम्पत्ति तथा दायित्व बाँडफाँड सम्बन्धि विवरण ।

(ङ) अन्य आवश्यक विवरण ।

(३) उपदफा (१) बमोजिमका विवरण समावेश भएको साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि र उपदफा (२) बमोजिमको प्रतिवेदन समेत संलग्न गरी कार्यालयमा नयां संस्था दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्था दर्ताका लागि आवेदन परेमा संस्था दर्ता गर्दा अपनाउनु पर्ने प्रकृया पुरा गरी सहकारी कानून तथा निर्देशनको अधीनमा रही नयाँ संस्था दर्ता गरिदिन सक्नेछ । त्यसरी दर्ता गर्दा सो संस्था मुख्य संस्थाबाट विभाजित भएको पहिचान खुल्ने व्यवस्था गरिनेछ ।

## ६.विविध :

## अनुगमन तथा कारवाही

**१) अनुगमन सम्बन्धी प्रक्रिया र जिम्मेवारी** :

(१) कार्यालयले संस्थाको अनुगमन गर्दा अनुसूचि-३ र ४ मा उल्लेख भए बमोजिमको ढांचाको फाराम प्रयोग गर्नु पर्नेछ ।

(२) कार्यालयबाट संस्थाको निरीक्षण गर्न आउने कर्मचारीले माग गरेका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु संस्थाका पदाधिकारी एवं सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

(३) अनुगमनमा संलग्न कर्मचारी वा पदाधिकारीले सो को प्रतिवेदन सम्बन्धित कार्यालयमा काम सम्पन्न भएको मितिले सात दिन भित्र पेश गरिसक्नु पर्नेछ ।

(४) गम्भीर प्रकृतिका आर्थिक अनियमितता भएको पाइएमा अनुगमन कर्ताले चौविस घण्टा भित्र लिखित रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(६) प्राप्त अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले सात दिनभित्र सुधारको प्रक्रिया अघि बढाउन सम्बन्धित संस्थालाइ लिखित जानकारी दिनु पर्नेछ ।सुधार प्रक्रियामा निर्देशनको रुपमा पत्राचार गर्ने वा जिम्मेवार पदाधिकारीहरुलाई कार्यालयमा उपस्थित गराई सुधारको कार्ययोजना लिने वा अटेर गरेमा कानूनी उपचार र कार्यविधि बमोजिमका कार्यवाही अघि बढाउने काम कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ ।

(७) प्रत्येक महिनाको नियमित अनुगमन र कार्यवाहीको विवरण प्रमुख प्रशासकीय अधिकृतलाई महिना भुक्तान भएको सात दिन भित्र कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(८) कार्यालयले नियमित रुपमा अनुगमनको कार्य संचालन गर्नु पर्नेछ ।

(९) कर्मचारीले गर्ने अनुगमन र कार्यवाहीको प्रतिवेदनलाई कार्यसम्पादन मूल्यांकनको आधार बनाइनेछ ।

(१०) अनुगमनमा खटिने कर्मचारीलाई प्रति संस्था नियमित वा सघन अनुगमनको प्रति टोलि रु दुइ हजारका दरले एकमुष्ट रकम प्रदान गरिनेछ ।

**२) कारवाही सम्वन्धी प्राबधानहरु :**

१) तथ्यपरक जानकारी प्राप्त भएमा वा अनुगमनको क्रममा पाइएका देहायका गम्भीर प्रकृतिका त्रुटीहरु वा अनियमित कारोवारका लागि देहाय बमोजिमको कारवाही हुनेछ :-

(क) अनुगमन कार्यमा सहयोग नगरेमा कारोवार रोक्का गरिनेछ ।

(ख) शेयर सदस्यहरुलाई नियमानुसार दिन सकिने लाभांश वाहेक अन्य रकम वितरण गरी अस्वस्थ्य प्रतिस्पर्धा गरेको पाईएमा लाभांश वाहेकको रकम संचालकसमितिका पदाधिकारीहरुबाट दामासाहिका दरले असुल उपर गरी संस्थाको कोषमा दाखिला गराईनेछ ।

(ग) प्रमुख व्यवस्थापक वाहेक अन्य संचालकले नियमित पारिश्रमिक लिएको  पाईएमा सो रकम असूल उपर गरि संस्थाको कोषमा दाखिला गराइनेछ । तोकिए वमोजिमको समय भित्र रकम दाखिल नगरेमा संस्थाले साँवा र व्याज समेत असूल उपर गर्नेछ ।

(घ) प्रमुख व्यवस्थापकको पारिश्रमिक निर्धारण गर्दा संचालक समितिवाट निर्णय गरी साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ । निर्णय र अनुमोदन सम्वन्धी विवरण पेश नगरेमा लिएको पारिश्रमिक नियमित वा असूल उपर गर्नु गराउनु पर्नेछ ।

(ङ) प्रचलित कानून र कार्यालयवाट जारी कार्यविधिहरु पालना नगरेको पाईएमा संस्थाले प्राप्त गर्ने सुविधाहरु रोक्का गरिनेछ ।

(च) कार्य क्षेत्र बाहिरका व्यक्तिलाई सदस्यता दिने तथा गैर सदस्यसंग कारोवार गर्ने संस्थाको बैक खाता रोक्का गर्ने, सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणलाई यस्ता संस्थासंग कारोवार नगर्न सजग गराउने, अनियमितता गरेको सूचना सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम थप कारवाही गरिनेछ ।

(छ) निक्षेप वापत संकलित रकम कार्यालयको स्वीकृति नलिई उद्धेष्य विपरित अन्यत्र परियोजना वा अन्यत्र व्यवसायिक कार्यहरुमा लगानी गरेको पाइएमा उद्देश्य विपरित काम गरेको कसुरमा प्रचलित कानून बमोजिम कारवाही

गरिनेछ । यो कार्यविधि जारीभएको मितिले दुई वर्ष भित्र यस अघि गरिएको लगानी कार्य योजना बनाई क्रमश फिर्ता नगरे नगराए यस प्रकरण बमोजिमको कारावाई गरिनेछ ।

(१) लगातार दुई वर्षसम्म वार्षिक साधारण सभा नगर्ने सहकारी संस्थाहरुको विवरण सार्वजनिक गर्ने व्यवस्था कार्यालयले मिलाउनु पर्नेछ ।

(२) नियमित रुपमा लेखापरीक्षण नगराउने, निर्धारित समयमा साधारण सभा सम्पन्न नगर्ने, सहकारीका मूल्य र सिद्धान्तहरु, प्रचलित ऐन, नियम र कार्यालयले जारी गरेको निर्देशन एवं कार्यविधि तथा विनियमको परिपालना नगरेसम्म त्यस्तो संस्थालाई विदुरनगरपालिकाबाट उपलब्ध गराइने सेवा सुबिधाहरु उपलब्ध गराइने छैन ।

(३) दुई वर्षभन्दा बढी अवधिसम्म वार्षिक साधारण सभा नगर्ने संघ संस्थाहरु निष्कृय संघ संस्थाहरुको सूचिमा समावेश गरिनेछ । यस्तो सूचिमा परेकाहरुको सम्पत्ति  र दायित्व नरहेको  पाइएमा प्रक्रिया पुऱ्याई  दर्ता  खारेज गरिनेछ । सम्पत्ति र दायित्व बाँकी देखिएमा संस्थाहरु विघटनको प्रक्रियामा लगिनेछ भने संघको हकमा अर्को कानून सम्मत समिति निर्माण गरी सम्पत्ति र दायित्व व्यवस्थापन गराउनु पर्नेछ । संस्था खारेजी र विघटनको कार्य कार्यालयले प्रत्येक वर्ष अनिवार्य रुपमा गर्नुपर्नेछ ।कार्यालयले सहकारी संस्थाहरुको दर्ता खारेजी र विघटनको जानकारी सम्बन्धित संघहरुलाई दिनु पर्नेछ ।

तर, यो कार्यविधी लागु हुनुपूर्व कुनै सहकारी संस्थाहरुले गत विगत बर्षहरुको साधारण सभा र लेखापरिक्षण प्रतिवेदन पेश नगरेको भएमा कार्यविधी स्वीकृत भएको मितिले १५ दिनभित्र एक पटक १५ दिने सूचना जारी गरी उक्त प्रतिवेदन पेश गर्न आव्हान गरिनेछ । उक्त समयमा पनि प्रतिवेदनहरु पेश हुन नआएमा स्वत: निस्कृय सहकारी संस्थाको रुपमा सूचिकृत गरि न.पा.वाट प्रदान गरिने कुनै पनि सुविधा प्रदान गर्न न.पा. बाध्य हुनेछैन ।

(४) अन्य कार्यवाही नगर सहकारी ऐनको दफा ९९ र १०० बमोजिम हुनेछ ।

**२) कारोवार रोक्का राख्न सकिने** : सहकारी सिद्धान्त, सहकारी ऐन, नियम, कार्यालयबाट जारी यो कार्यविधि, परिपत्र र कार्यालयले दिएको निर्देशन पालना नगर्ने संस्थाको खाता र कारोवार रोक्का राख्न सकिनेछ ।

**३) ठगीमा कारवाहीका लागि प्रहरीमा लेखी पठाईने :** देहायका कुनै कार्य वा कार्यहरुलाई ठगी प्रकरणका रुपमा लिई संचालक समितिका पदाधिकारीहरु र व्यवस्थापकलाई कार्यालयले कारावाहीका लागि प्रहरी समक्ष लेखी पठाउनु पर्नेछ ।

(क) गैर सदस्यसंग कारोवार गरेमा वा सदस्यनै नबनाई कारोवार गरेमा ।

(ख) कार्य क्षेत्र बाहिरका व्यक्ति वा निकायलाई सदस्य बनाएमा ।

(ग) यो कार्यविधि जारी भए पछि कार्यविधि विपरीत बचत निक्षेपको रकम नीजि र उद्धेष्य विपरितका व्यवसायमा लगानी गरेमा ।

(घ) निजी प्रयोजनका लागि अनधिकृत रुपमा संचालक वा सञ्चालकहरुले कोषको अपचलन गरेमा ।

(ङ) साधारण सभा नबोलाई र निर्वाचन प्रक्रिया पुरा नगरी आफूखुशी संचालक वा लेखा समितिको पदाधिकारी थपघट गरेमा ।

(च) सम्बन्धित निकायबाट इजाजत लिइ मात्र गर्नु पर्ने कार्य वा कारोवार इजाजत नलिइ संचालन गरेमा ।

(छ) पटक पटक भ्रम सिर्जना हुने आकर्षक विज्ञापन/सूचना मार्फत सदस्य विस्तार वा कारोवार बढाउने काम  गरेमा ।

(ज) एकै  प्रकृतिका एक भन्दा बढी संस्थाको पदाधिकारी भई काम गर्ने गरेको पाइएमा ।

(झ) अनधिकृत रुपमा संस्थाको कारोवारमा संलग्न रहेको पाइएमा ।

(ञ) कार्यक्षेत्र बाहिर बसोबास गर्ने व्यक्ति संस्थाको संचालक समिति वा लेखा समितिको पदाधिकारी भएको पाइएमा ।

**४. विविध:**

(१) यो कार्यविधि जारी हुनु भन्दा अघि निजी कम्पनी वा गैर सरकारी संस्थामा आवद्ध व्यक्तिहरु मात्र सदस्य हुन पाउने गरी दर्ता भएका सहकारी संस्थाहरु निश्चित भौगोलिक क्षेत्र कायम गरी सदस्यहरुको बसोवासको आधारमा संस्थाको कार्यक्षेत्र परिमार्जन गर्न इच्छुक भएमा साधारण सभाबाट तत्काल कायम रहेका दुई  तिहाई सदस्यहरुको स्वीकृतिमा यो कार्यविधि जारी भएको छ महिना भित्र आवश्यक कागजातहरु सहित कार्यक्षेत्र परिवर्तनका लागि

कार्यालयमा निवेदन पेश गर्ने गरी एक पटकलाई कार्यक्षेत्र परिमार्जन तथा दर्ताको आधार परिवर्तन गर्न अवसर दिइनेछ ।

(२) संस्थाहरुको एकिकरण, विभाजन वा रुपान्तरण गर्दा सम्वन्धित पक्षको पूर्व सम्मति अनिवार्य लिनुपर्नेछ ।

(३) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

(४) एकिकरण गर्दा खण्ड (ख) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न स्वीकृती प्रदान गरिनेछ ।

(५) फरक विषयका संस्थाहरु एकिकरण हुने भएका त्यस्ता संस्थाहरुलाइ सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(६) एकिकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा वोलाइ निर्वाचन गर्नु पर्छ ।

(७) एकीकरण, कार्यक्षेत्र संशोधन, पनर्गठन वा स्थानीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा उक्त स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

**५. संस्थाहरुको वर्गीकरण सम्बन्धि ब्यवस्था** : कार्यालयले ब्यवसाय कर, कार्यक्रम सञ्चालन वा अन्य प्रयोजनको लागि संस्थाहरुको शेयर पूँजि, वचत रकम, कारोबार, रोजगारी, मुनाफा र सदस्य संख्याको आधार मा वर्गीकरण गर्न सक्नेछ ।

**६. सदस्य वडापत्र सम्बन्धि ब्यवस्था** : संस्थाको कार्यालयमा सबैले देखिने गरी सदस्य बडापत्र राख्नु पर्नेछ ।

**७. मापदण्ड र निर्देशिका बनाउन सक्ने** : यस कार्याविधीको कुनै प्रक्रियालाई सरलिकृत गर्न आवश्यक निर्देशिका तर्जूमा गरी लागु गर्न सक्नेछ ।

**८. कार्यविधीको ब्याख्या** : यस कार्यविधीको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्याविधीको अन्तिम ब्याख्या नगरकार्यपालिकाले गर्नेछ ।

**९. संशोधन तथा थपघट सम्बन्धी ब्यवस्था** : कार्यपालिकाले यस कार्याविधीमा आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ ।

**१०) अमान्य हुने** : यस कार्यविधीमा उल्लेख भएको ब्यवस्था नगर सहकारी ऐन तथा नियमावली, संघ वा प्रदेशको सहकारी सम्बन्धी काननुसंग बाझिएमा स्वतः अमान्य हुनेछ ।

## अनुसूची-१

(दफा ५ (८) संग सम्बन्धित)

सहकारी संस्था दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विधीहरु

सहकारी ऐन, २०७४ का दफा १४ को प्रयोजनका लागि सरोकारवालाहरुले संस्था दर्ताका लागि पेश गरेका कागजातमा देहायका कुराहरु उपर विचार गरी प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले दर्ता स्वीकार वा अस्वीकार गर्न सक्नेछ । दरखास्त साथ निर्दिष्ट प्रक्रिया पुग्नको लागि निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ :–

१. प्रस्तावित संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको तोकिएको ढाचाको रु. दश को टिकट टांस भएको निवेदन ।

२. प्रस्तावित संस्थाको दुइ प्रति सक्कलै विनियम । बिनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्नेछ ।

३. तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको दुई प्रति कार्ययोजना ।

४. प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु एक/एक प्रति ।

५.संस्थाको हकमा आवेदन गर्ने ऐनमा उल्लेख भए वमोजिमको संख्यामा व्यक्तिहरुको तिनपुस्ते विवरण, आवेदक सदस्यहरुले लिएको शेयरको संख्या, रकम खुलेको विवरण र हस्ताक्षर संलग्न भएको निर्धारित ढांचाको विवरण ।

६. संस्था दर्ता सम्बन्धी कार्य गर्न अधिकार प्राप्त व्यक्तिको दस्तखत नमूना सहित आवेदक सबैले हस्ताक्षर गरेको सक्कल अधिकारपत्र ।

७. प्रारम्भिक भेलाको निर्णय अनुसार शेयर र प्रवेश शुल्क वापत उठेको रकम तदर्थ समितिको कुनै पदाधिकारीको नाममा नजिकको कुनै बैंकमा जम्मा गरेको भौचर र रकम जिम्मा लिने व्यक्तिले गरेको सक्कल भपाई (बैंकिङ सुविधा उपलब्ध नभएको ठाउँको हकमा भर्पाई मात्र पनि पेश गर्न सकिने) शेयर र प्रवेश शुल्क वापतको रकम संस्थाको आफ्नै खातामा जम्मा नगरिएसम्म प्रयोगमा ल्याउन पाइने छैन । यसका लागि कार्यालयवाट संस्थाको नाममा रकम नसारेसम्म आवश्यकता अनुसार शर्तनामा गराउने वा बैंक खाता रोक्का समेत गर्न गराउन सकिनेछ ।

८. संकलित शेयर पूँजीको रकम कुल शेयर पूँजीको कम्तिमा तीस प्रतिशत हुनुपर्नेछ। सो सीमा भित्र नरहेमा सहकारी कार्यालयले संकलित शेयर पूँजीको आधारमा कूल शेयर पूँजी कायम गर्न सक्नेछ ।

९. आवेदकहरुले निवेदन साथ प्रस्तावित संस्थाको संभाव्यताको अध्ययनप्रतिवेदन पेश गर्नुपर्नेछ। संभाव्यताको अध्ययन प्रतिवेदनमा निम्न कुराहरु समावेश हुनुपर्नेछ :-

क) प्रस्तावित कार्यक्षेत्रमा त्यस्तो प्रकृतिको संस्थाको आवश्यकताको पहिचान,

ख) कार्यक्षेत्र भित्र बसोबास गर्ने अनुमानित जनसंख्या,

ग) संस्था मार्फत पेशा व्यवसाय संचालन गर्नका लागि आवश्यक पूंजीका श्रोतहरु,

घ) व्यावसायिक संभाव्यता अध्ययन प्रतिवेदन,

ङ) प्रस्तावित संस्था संचालनका लागि चाहिने जनशक्ति,

च) सेवा पुर्‍याउन सकिने सदस्यहरुको अधिकतम संख्या,

छ) उक्त कार्यक्षेत्रमा रहेका समान प्रकृतिका संस्थाहरुको संख्या,

ज) पहिले स्थापना भई सकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसकिने कारण र संलग्नताका लागि गरिएको प्रयास,

झ) बजारको स्वरुप, संस्थाको भावी कार्यक्रम तथा लक्षित समूह, संस्थाको संस्थागत विकासका स्पष्ट आधारहरु ।

१०. तदर्थ संचालक समितिका पदाधिकारीहरुको हालसालै खिचेको फोटो र हस्ताक्षर सहितको तीनपुस्ते विवरण ।

११. आवेदकहरुको निम्न विषयहरु समेटिएको निर्धारित ढांचामा हस्ताक्षर सहितको स्वघोषणाको पत्र ।

क) पहिले कुनै अन्य सहकारी संस्थामा संलग्न रही रकम हिनामिना गरी कारवाहीमा नपरेको,

ख) बैंक, बित्तीय संस्थाको कारोबारमा कालो सूचीमा नपरेको, बचत तथा ऋण सहकारी संस्था दर्ता गर्न चाहने सदस्यहरुले अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई कर्जा चुक्ता नगरेको कारणले कर्जा सुचना केन्द्र लिमिटेड वा कुनै बित्तीय संस्थाको कालो सूचिमा नपरेको भन्ने सम्बन्धमा उक्त केन्द्रमा कार्यालयले वुझी दर्ताको कारवाही अगाडी वढाउनेछ ।

ग) प्रस्तावित आवेदकहरु सोही पालिका भित्र रहेका समान प्रकृतिको अर्को संस्थामा सदस्य नरहेको,

घ) प्रस्तावित संस्थाको प्रकृतिको अन्य सहकारी संस्थाको संचालक वा पदाधिकारीको रुपमा आवद्ध नभएको,

ङ) सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं सहकारी ऐन नियम तथा संस्थाको स्वीकृत विनियम बमोजिम सहकारी संस्था संचालन गर्न मञ्जुर भएको ।

**१२. कार्यालयले संस्था दर्ता गर्दा अपनाउने कार्यविधिहरु :-**

क) आवश्यक कागजात सहित सबै विवरण स्पष्ट भएको पाइएमा दरखास्त लिई दर्ता प्रक्रिया अघि बढाउने, सबै प्रमाणका प्रतिलिपिहरु हालसालै प्रमाणित गरिएको हुनुपर्नेछ ।

ख) प्राप्त दरखास्त प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीले जांच गरी सकेपछि मात्र कार्यालयमा दर्ता गरी प्रकृयामा राखिनेछ ।

ग) कागजात नपुग भएमा वा कुनै प्रक्रिया पूरा भएको नपाइएमा सोको जानकारी आवेदकहरुलाई गराउने ।

घ) सहकारी संघ संस्था दर्ता गर्न निवेदन साथ पेश गर्नु पर्ने कागजात र दर्ता प्रकृयाको बिषय समेत समाबेश गरी सहकारी शाखामा सवैले देख्ने गरी नागरिक बडापत्र राख्ने र बडापत्रको प्रकाशन गरी कार्यालयले सेवाग्राहीलाई उपलव्ध गराउनु पर्नेछ ।

ङ) संस्था दर्ताको लागि पेश भएका कागजातहरुको अध्ययन र दर्ता गर्न आउने प्रस्तावित संस्थाका पदाधिकारीहरुसंग जानकारी लिदा पेश भएका विवरण र कागजातको अतिरिक्त दर्ता गर्ने अधिकारीले थप कुरा बुझ्न आवश्यक देखेमा स्थलगत अध्ययन गरी गराई थप जानकारी लिन सक्नेछ ।

च) नगरपालिका क्षेत्र भित्र दर्ता हुने प्रस्तावित सहकारी संस्थाको तर्फवाट पेश भएको संभाव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश भएपछि मात्र संस्था दर्ता प्रक्रिया अघि बढाइनेछ । स्थलगत अध्ययनमा खटिने कर्मचारीलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने जिम्मेवारी प्रस्तावित संस्थाका सबै आवेदकहरुको हुनेछ ।

छ) स्थलगत अध्ययन प्रक्रियामा सम्बद्ध सरकारी निकाय, स्थानिय तह वा आवेदकहरु आबद्ध रहेको वा कार्यरत रहेको निकायसंग आवश्यकता अनुसार सम्पर्क वा पत्राचार गरी पेश गरिएका विवरणको आधिकारिकताको जांच एवं संस्था दर्ताको प्रक्रिया पुरा गर्न आवश्यक राय लिन सकिनेछ ।

ज) सहकारी दिग्दर्शनको अनुसूची १, २ र ३ अनुसार : सहकारी सिद्धान्तसम्मतिको जांच, सहकारी विधिसम्मतिको जांच, सुशासकीय मानकको जांच गरी दर्ता प्रक्रिया प्रारम्भ गर्नेछ ।

झ) प्रस्तावित शेयर सदस्यहरु मध्ये ८० प्रतिशितले पूर्व सहकारी शिक्षा सम्बन्धी तोकिएको पाठ्यवस्तु सहितको अभिमुखिकरण लिएको प्रमाण ।

ञ) सहकारी संस्था दर्ता गर्दा प्रत्यायोजित अधिकार क्षेत्र भित्र रही विगतमा दर्ता भएका, विषयगत क्षेत्र स्पष्ट भएका संस्थाहरु कार्यालयले उल्लेखित प्रकृया पूरा भएको पाइएमा सोझै दर्ता गर्नेछ ।

ट) माथि उल्लेखित प्रकृया नपुगेका आवेदनहरु अस्वीकार गर्न सकिनेछ ।

१३. कार्यालयबाट गरिने स्थलगत अध्ययन प्रतिवेदनमा समावेश गरिनु पर्नेमुख्य मुख्य विषयहरु :

क) सस्थाको उद्देश्य तथा कार्यक्षेत्रका हिसाबले स्थानीय तहमा त्यस प्रकृतिकोसहकारी सस्थाको आवश्यकता रहे नरहेको र समुदायमा आधारित भै संचालन हुन सक्ने, नसक्ने पहिचान गर्ने ।

ख) संस्था दर्ता गर्न चाहने समूहमा बिभिन्न जात, जाति, धर्म, वर्ग, महिलाकोसहभागिता के कति छ ? के कति सहभागिता हुन सक्छ वा सक्थ्यो ? बिचार गरी सकभर समावेशी बनाउने र प्रस्ताबित संचालक समितिमा महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व गराउने प्रयास गरिए नगरिएको ? सदस्यहरुको साझा बन्धन (Common Bond) कायम रहन सक्छ ? वा सक्तैन ?

ग) प्रस्तावित संस्था स्थापना गर्ने सदस्यहरुको ज्ञान, शीप र क्षमताले प्रस्तावित सेवा प्रदान गर्नवा बस्तु उत्पादन गर्न सक्ने आधारहरु भए/नभएको

घ) प्रस्तावित सहकारी संस्थाबाट वस्तु उत्पादन वा सेवा प्रवाहको लागि सो व्यवसाय संचालन गर्न सोही स्थानमा आवद्ध सदस्यहरुसंग सो प्रकृतिको पेशा, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्ने व्यवसायी, पेशाकर्मी, पर्याप्त भए नभएको ।

ङ) स्थापना गर्न लागेको सहकारी संस्थाको उद्देश्य र कार्यसंग संचालक एवं  आवद्ध अन्य सदस्यहरुको पेशा व्यवसाय मिल्छ वा मिल्दैन यकिन गर्ने । साथै संस्थामा आवद्ध कति सदस्यसंग सो पेशा वा व्यवसाय गर्न सक्ने पेशाकर्मी, व्यवसायी, व्यक्ति समावेश छन् ? सो हेरेर संस्था स्थापनाको संभाव्यता यकिन गर्ने । उदाहरण : सञ्चार सहकारी संस्था प्रस्तावित भै आएमा सञ्चार क्षेत्रका पेशाकर्मीहरुको संलग्नता छ छैन ? स्वास्थ्य सहकारी संस्था खोल्न प्रस्ताव भै आएमा स्वास्थ्यकर्मीको संलग्नता छ छैनन कृषि सहकारी खोल्ने प्रस्ताव आएमा कृषकहरु नै आवेदक सदस्य छन छैनन् प्रतिवेदनमा खुलाउने ।

च) संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरु प्रस्तावित संस्थाको लागि माग गरेको कार्यक्षेत्र भित्रकै आवेदकहरु हुन होइनन् खुलाउने ।

छ) सहकारी मार्फत सदस्यहरुको व्यावसायिक क्षमता अभिबृद्धि गरी व्यवसाय  प्रवर्द्धन गर्न एकल विषयका प्रारम्भिक सहकारी संस्थाको स्थापना गर्न प्रोत्साहन गर्ने ।

## अनुसूची २

## एकीकरण तथा विभाजनसम्बन्धी चेक लिष्ट

- निर्देशिकाको दफा २३ बमोजिम संयोजन कार्यदल गठन भएको हुनु पर्ने ।
- निर्देशिकाको दफा २४ बमोजिम संयोजन कार्यदल गठन भएको तीन (३) दिनभित्र नियामक निकायमा गठन विधिसहित जानकारी दिनुपर्ने ।
- निर्देशिकाको दफा २५ मा व्यवस्था भए बमोजिम संयोजन कार्यदलले शर्त तथा कार्यविधिसहितको प्रस्ताव अनुसूची ४ बमोजिम तयार गरी पेश गर्नुपर्ने र उक्त प्रस्तावमा हिसाब मिलानको मिति खुलेको हुनु पर्ने ।
- निर्देशिकाको दफा २८ बमोजिम संयोजन कार्यदलले तयार पारेको प्रस्तावलाई सम्बद्ध संस्थाका संचालक समिति, लेखा सुपरीवेक्षण समिति लगायत गठित उपसमितिको विस्तारित बैठकले अन्तिम रुप दिई विचारार्थ संयोजन कार्यदलको समितिमा पठाउनु पर्ने ।
- निर्देशिकाको दफा २९ बमोजिम प्रस्तावमा कुनै विषय छुट भएको भए सो विषय खुलाई विस्तारित बैठकले प्रस्ताव संयोजन कार्यदलमा फिर्ता पठाउन सक्ने ।
- निर्देशिकाको दफा ३० बमोजिम संयोजन कार्यदलको प्रस्ताव बार्षिक साधारणसभा/विशेष साधारणसभामा पेश गर्नु पर्ने ।
- निर्देशिकाको दफा ३१ बमोजिम एकीकरण वा विभाजनको पूर्व स्वीकृतिका लागि नियामक निकायमा अनुसूचि ६ बमोजिम संस्थाको अध्यक्षको दस्तखत सहित संस्थाको छाप लगाई निवेदन दिने ।
- पूर्व स्वीकृतिका लागि निवेदन दिंदा देहायका कागजातहरु पेश गरेको हुनु पर्ने ।

-गणपुरक संख्या पुगेको साधारणसभाबाट एकीकरण वा विभाजनका लागि भएको निर्णयको प्रतिलिपि ।

- निर्देशिकाको अनुसूचि ४ बमोजिमको एकीकरण वा विभाजनको प्रस्ताव ।
- कुनै निकायको पूर्व सहमति लिनुपर्ने भएमा सो सहमतिको पत्र ।
- साझा सहकारीको हकमा मन्त्रालयको पूर्व स्वीकृति पत्र ।
- स्थायी लेखा नम्बर लिएको सहकारी संस्थाको हकमा आ.रा.का.को सहमति पत्र
- नियामक निकायले तोकेका अन्य विवरणहरु ।

- निर्देशिकाको दफा ३३ बमोजिम नियामक निकायले निवेदन प्राप्त भएको १५ दिनभित्र पूर्व स्वीकृति दिन सक्ने ।
- निर्देशिकाको दफा ३४ बमोजिम पूर्व स्वीकृति प्राप्त भए पश्चात संयोजन कार्यदलको अध्यक्षले सहकारी संस्थाका अध्यक्षहरुसंग परामर्श गरी संयुक्त साधारणसभा बोलाउनु पर्ने ।
- संयुक्त साधारणसभाको कार्यसूची निर्देशिकाको दफा ३५ मा बमोजिम निम्नानुसारको हुने ।

  -प्रस्तावलाई अन्तिम रुप दिने ।

  -एकीकरण वा विभाजन पछिको कार्य योजना तर्जुमा गर्ने ।

  -फरक फरक विषयका संस्थाहरु एकीकरण हुँदा वा एउटा विषयको संस्था फरक फरक विषय भएको संस्थामा विभाजन हुँदा साविकको स्वामित्वमा रहेको संस्थाबाट प्रशोधन कारखाना, संकलन केन्द्र, बिक्रि कक्ष, आपसी सुरक्षणको बाँडफाँट कसरी हुने भन्ने विषयको योजना बनाई निर्णय गर्ने ।

  -एकीकरण वा विभाजन पश्चातको साधारणसभा नहुन्जेलसम्मका लागि तदर्थसमितिको गठन गर्ने ।

  -एकीकरण वा विभाजनको हिसाब मिलानका लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने ।

  -एकीकरण वा विभाजन पश्चातको दरवन्दी संरचना मिलान गर्ने ।

  -संयोजन कार्यदलको खर्चको फाँटबारी के कस्तो आधार र अनुपातमा हुने सो तय गर्ने ।
- निर्देशिकाको दफा ३७ बमोजिम एकीकरण वा विभाजनको लागि हुने संयुक्त साधारणसभाको गणपुरक संख्या सबै सहकारी संस्थाको कुल सदस्य संख्याको बहुमत सदस्य संख्यालाई मानिने ।
- निर्देशिकाको दफा ४० बमोजिम एकीकरण वा विभाजनका लागि संयुक्त साधारणसभा सम्पन्न भए पश्चात संयुक्त कार्यदल स्वतः विघटन भएको मानिने ।
- निर्देशिकाको दफा ४१ बमोजिम एकीकरण वा विभाजनको प्रस्ताव तथा संस्थाका विनियम सहित स्वीकृतिका लागि रजिष्ट्रार समक्ष अनुसूचि ८ को ढांचामा निम्न कागजातहरु पेश गर्नु पर्ने ।

-संयुक्त कार्यदलको संयुक्त साधारणसभाबाट पारित प्रस्तावको २ प्रति

-संयुक्त साधारणसभाको निर्णयको प्रतिलिपि

-एकीकरण वा विभाजन पछि कायम हुने सहकारी संस्थाहरुको कार्ययोजना २ प्रति

-विनियमको मस्यौदाको २ प्रति

-नियामक निकायले तोकेका अन्य कागजातहरु ।

- निर्देशिकाको दफा ४२ अनुसार प्रस्ताव स्वीकृतिका लागि दरखास्त पेश भएको १५ दिनभित्र संस्थाको कार्यक्षेत्र जिल्लाभित्र भए स्थानीय पत्रिका र जिल्ला बाहिर भएमा राष्ट्रिय पत्रिकामा कसैको गुनासो, उजुरी, सरोकार भए निवेदन दिन अनुसूची ९ बमोजिमको ढांचामा नियामक निकायले सूचना प्रकाशन गर्नु पर्ने र सो पश्चात स्वीकृति दिन सकिने ।
- निर्देशिकाको दफा ४३ बमोजिम एकीकरण वा विभाजन हुने संस्थाको नाम, दर्ता नं. तथा मिति कायम गर्नुपर्ने ।
- निर्देशिकाको दफा ४५ बमोजिम नियामक निकायले अनुसूची १० को ढांचामा एकीकरण वा विभाजनको स्वीकृतिको सुचना बेभसाईट, राष्ट्रिय तथा स्थानीय एफएम रेडियो, पत्रिकामा प्रकासन प्रशारण गर्नुका साथै सम्बन्धित नियामक निकाय, संघ, बैक र बोर्डलाई पठाउनु पर्ने ।

अनुसूचि-३

**(कार्यविधीको ६.१ (१) संग सम्बन्धित)**

**विदुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**विदुर, नुवाकोट**
**सहकारी संस्थाहरुको नियमित निरिक्षण फाराम**

संस्थाको नाम र ठेगाना : ...............................................

आ.व. :.................. प्रतिवेदन गरिएको अवधि :

**१) पूंजि तथा दायित्वको अनुगमनः**

**शेयर पूंजीः**

**कूल शेयर पूँजी रु**

(क) कूल चुक्ता शेयर पूँजीको २० प्रतिशत भन्दा बढी एक सदस्यलाई शेयरपूंजि वितरण गरेको ☐ नगरेको ☐।

(ख) वित्तीय कारोवार गर्ने संस्थाको हकमा कारोवारको आधारमा शेयर पूँजी को व्यवस्था छ ?
☐ भएको ☐ नभंएको ।

(ग खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गर्नु भएको छ ? कति (%) .....

(घ) शेयर पुँजी उल्लेखित मापदण्ड वमोजिम कायम छ ?☐ भएको ☐ नभएको

(घ) खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरी बांकी रहेको रकमलाई सतप्रतिशत मानी त्यसको २५ प्रतिशत संरक्षण पूंजि फिर्ता कोष र ०.५ प्रतिशत प्रवर्द्धन कोषमा जम्मा छ ?
☐ गरे ☐ नगरेको

(ङ) शेयर पुँजीको १८ प्रतिशत भन्दा बढि लाभाँस वितरण गरिएको छ ?☐ छ ☐ छैन

**बाह्य ऋणः**

(क) सदस्यको हित अनुकुल ऋण प्रवाह ☐भए ☐नभएको,

(ख) वित्तीय कारोवार गर्ने संस्थाको हकमा कूल सम्पत्तीको ५ प्रतिशत भन्दा कम ☐भए ☐नभएको ।

(ग) अन्य सहकारी संस्थाको हकमा वाह्य ऋणको उपयोग ☐भए ☐नभएको ।

**बचत निक्षेप संकलनः**

**गत आ.व.को अन्तिम बचत दायित्व रुः**

(घ) बचत तथा ऋण सहकारी संस्थाको हकमा शेयर पूँजीको १५ गुणाभन्दा बढी ☐भए ☐नभएको ।

(ङ) नियमित प्रकृतिको बचत ☐भए ☐नभएको ।

**जगेडा कोषः**

**जगेडा कोषमा मौज्दात रकम रु :**

(क) वचत तथा ऋण सहकारी संस्थाको हकमा पल्स अनुगमन प्रणाली अनुरूप जगेडा कोषमा ☐भए ☐नभएको

ख) जगेडा कोषको रकमको बार्षिक बृद्धि दर कति रहेको छ ? .........%

**संरक्षित पूंजि फिर्ता कोषः**

**गत आ.व.कमा कोषमा विभाजन गरिएको रकम रु :**

(क) सहकारी ऐन एवम् नियमावली अनुरुप संरक्षित पूँजी फिर्ता कोषको रकम सदस्यहरुलाई कारोबारको आधारमा फिर्ता ☐गरे ☐नगरेको,

(ख) संरक्षित पूंजी फिर्ता कोषका लागि कार्यविधि ☐ वनाएको ☐ नवनाएको

**सहकारी प्रवर्द्धन कोषः**

**गत आ.व.कमा कोषमा विभाजन गरिएको रकम रु :**

(क) सहकारी संस्थाहरुले आर्जन गरेको खुद बचतवाट ऐन २०७४ बमोजिम जगेडाकोषमा रकम छुटट्याई बाकी रहेको रकमवाट ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा छुट्याएको नछुट्याएको ।

(ख) सहकारी प्रवर्द्धन कोषबाट प्राप्त रकम सहकारी नियमावली अनुसार संघहरुले सहि रुपमा सदुपयोग ☐गरे ☐नगरेको

**अन्य कोषहरुः**
विनियममा व्यवस्था भए बमोजिम कम्तीमा ५ प्रतिशत रकम तल उल्लेखित कोषमा जम्मा भएको छ ?
☐**शेयर लाभांश कोषः** (बढीमा १८ प्रतिशत)
☐ सहकारी शिक्षा कोषको रकम उद्देश्य अनुरुप खर्च गरिए नगरिएको
☐**कर्मचारी बोनस कोषः** ( विनियममा व्यवस्था भए बमोजिमबढीमा ३ महिनाको तलवसम्म)
☐**सहकारी विकास कोषः** ( विनियममा व्यवस्था भए बमोजिम)
☐**घाटा पूर्ति कोषः** ( विनियममा व्यवस्था भए बमोजिम)
☐ सामुदायिक विकास कोषको रकम उद्देश्य अनुरूप खर्च भए नभएको
☐**स्थिरीकरण कोषः** (साधारण सभाले स्वीकृत गरे अनुसार)

**२) सम्पतिको निरीक्षण अनुगमनः**
क) **स्थिर सम्पतिको निरीक्षण अनुगमनः**
१) संघको घर, जग्गा, मेशिन, औजार, सवारी साधन, उद्योग तथा कलकारखाना, फार्म, पशुपन्छी, कच्चा पदार्थ, प्रशोधित तथा अर्धप्रशोधित सामान, फर्निचर समेत स्थिर सम्पतिको अभिलेख अध्यावधिक रुपमा राखिएको छ ?☐ छ ☐ छैन
२) स्थिर सम्पतिको ह्रास कट्टी निर्धारित मापदण्ड बमोजिम गरिएको छ ?☐ छ ☐ छैन
३) स्थिर सम्पतिको उचित मर्मत सम्भार भएको छ ?☐ छ ☐ छैन
४) स्थिर सम्पतिको नियमित रुपमा स्थलगत भौतिक परीक्षणको काम भएको छ ?☐छ ☐ छैन
५) स्थिर सम्पतिको खरिद गर्दा र खर्च गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृती लिएको र आवश्यक प्रकृया पुरा गरिएको छ, छैन ?☐ छ ☐ छैन
६) मालसामान तथा सम्पति व्यक्तिगत रुपमा प्रयोग गरिएको छ ?☐ छ ☐ छैन
७) विना औचित्य र आवश्यकता सम्पति खरिद गरिएको छ, छैन ?☐ छ ☐ छैन
८) स्थिर सम्पत्तीको अनुपात वित्तीय विश्लेषण प्रणाली (पर्ल्स) लगायत अनुरूप ☐भए ☐नभएको ।

**ख) चालुसम्पतिको अनुगमन तथा निरीक्षण :**
**१) नगद हिसावः**
(१.१) सहकारी संस्थाको नगद मौज्दात दैनिक कारोवारको लागि प्रयाप्त छ, छैन र शुरक्षा व्यवस्था भरपर्दो छ, छैन ?☐ छ ☐ छैन
(१.२) दैनिक कारोवारको लागि चाहिने भन्दा बढी रकम बैंकमा राखेको छ, छैन ?☐ छ ☐ छैन
(१.३) नगद मौज्दात रकम नगदी कितावसंग भिड्छ ?☐ भिड्छ ☐ भिड्दैन
(१.४) नगद राख्ने जिम्मेवारी कुनै पदाधिकारीलाई तोकिएको छ भने उक्त नगद रकम सम्वन्धित व्यक्तिको जिम्मामा छ, छैन ?☐ छ ☐ छैन
(१.५)काउन्टर, भल्ट र मार्गस्थलको वीमा ☐भए ☐नभएको ।
**२) बैंक हिसावः**
(२.१) संस्थाको नाँउमा कुन कुन बैंकमा के कति रकम मौज्दात रहेको छ ?
**१)**........................................................**३)**..........................................
**२)**........................................................**४)**..........................................
(२.२) संस्थाको वित्तीय विवरणमा देखाएको मौज्दात रकम र पासबुकको मौज्दात रकम भिड्छ, भिड्दैन ?☐ भिड्छ ☐ भिड्दैन
(२.३) संस्थाले नियमित रुपमा बैक स्टेटमेन्ट लिने गरेको छ, छैन ?☐ छ ☐ छैन
(२.४) बैंकले दिने गरेको ब्याज संघसंस्थामा आम्दानी देखाएको छ, छैन ?☐ छ ☐ छैन
(२.५) तरलता व्यवस्थापनका लागि आवश्यक रकम बैंकमा मौज्दात ☐भए ☐ नभएको ।
(२.६) ऋण तथा लगानीवाट प्राप्त ब्याजलाई पाउनु पर्ने हिसावमा देखाईएको छ, छैन ?☐ छ ☐ छैन

**३) पेश्की हिसावः**
(क) पेश्की रकम कार्यक्रमगत ☐भए ☐नभएको ।
(ख) पेश्की रकम समयमा फर्छौट ☐भए ☐नभएको ।
**४) ऋण तथा अन्य हिसावः**

(४.१) ऋण लगानी नीति तर्जुमा गरी ऋणको शर्त र सिमा निधारण गरिएको छ, छैन? ☐ छ ☐ छैन
(४.२) ऋण लगानी शेयर सदस्य संघसंस्थामा मात्र सिमित छ, छैन ? ☐ छ ☐ छैन
(४.३) ऋण स्वीकृति अख्तियार प्राप्त निकायवाट भएको छ, छैन ? ☐ छ ☐ छैन
(४.४) ऋण लगानी पश्चात नियमित अनुगमन भएको छ, छैन ? ☐ छ ☐ छैन
(४.५) ऋण दिदा लिएको धितो, जमानी तथा आवश्यक कागजात प्रयाप्त छ, छैन ? ☐ छ ☐ छैन
(४.६) शर्त अनुसार सांवा ब्याज असुल उपर भए, नभएको र यदि नभएको भए ताकेता र आवश्यक कारवाही शुरु गरे नगरेको ?
(४.७) ब्याजदर र हर्जना सम्वन्धी स्पष्ट नीति छ, छैन ? ☐ छ ☐ छैन
(४.८) पुरानो ऋण नतिर्ने व्यक्तिलाई नया ऋण स्वीकृत गरिएको छ, छैन ? ☐ छ ☐ छैन
(४.९) ऋण नितीमा ऋण लगानी उत्पादन र अनुत्पादनमा मुलक क्षेत्रमा कति कति गर्ने भनि उल्लेख ☐गरिए ☐नगरिएको
(४.१०) उत्पादन मुलक क्षेत्रमा लगानी...........% अनुत्पादनमा मुलक क्षेत्रमा..........%
(४.११) बार्षिका रुपमा ऋणको शिर्षकको पुनरावलोकन भएको ☐ छ ☐ छैन
(४.१२) रु. १० लाख भन्दा बढी ऋण लगानी गर्दा वाह्यि मूल्याङ्कनकर्ताको व्यवस्था ☐गरे ☐नगरेको ।

**५. लगानी हिसावः**

(क) आवद्ध माथिल्लो बैंकमा गरेको लगानीको अवस्था ।
(ख) परियोजनामा लगानी गर्दा अध्ययन एवं विश्लेषण ☐भए ☐नभएको ।
(ग) प्रचलित ऐन नियम विपरित लगानी ☐ भए ☐नभएको ।

**३) संघको स्रोत व्यवस्थापनः** सहकारी ऐन, २०७४ को दफा ६७ बमोजिम निम्न लिखित स्रोत को हिसाव राखे, नराखेको :

☐ शेयर विक्रीवाट प्राप्त रकम ☐ बचतको रुपमा प्राप्त रकम ☐ ऋणको रुपमा प्राप्त रकम
☐ नेपाल सरकारवाट प्राप्त अनुदान रकम (संघ, प्रदेश र स्थानीय तह)
☐ विदेशी सरकार वा संघसंस्थावाट प्राप्त अनुदान वा सहायता रकम (अर्थ मन्त्रालयको स्वीकृतिमा)
☐ व्यवसायिक कार्यवाट आर्जित रकम
☐ सदस्य प्रवेश शुल्क

४) **कोष परिचालनको निरीक्षण तथा अनुगमनः**

☐कोषको रकम संस्थाको नाममा खाता खोलि बैंकमा जम्मा भएको ।
☐ खाताको संचालन संचालक समितिले तोक वमोजिम संयुक्त दस्तखतमा संचालन भएको ☐ छ, ☐ छैन
☐कोषको रकम खर्च गर्दा आवश्यकता र औचित्यताको आधारमा विनियममा उल्लेखित काममा खर्च भएको
☐संस्थामा प्राप्त सवै प्रकारका आम्दानी, अनुदान, सहायता र ऋण रकम कोषमा जम्मा भएको ।
☐रकम खर्च गर्दा नियमानुसार आवश्यक सवै प्रकृया पुरा गरी अधिकार प्राप्त अधिकारीको आदेशमा खर्च

**५) संस्थाको अभिलेख व्यवस्थापनः**

(१) प्रत्येक संस्थाले सहकारी नियमावली, २०७५ बमोजिम आफ्नो दैनिक कारोवार संचालनको शिलशिलामा देहाय बमोजिमका अभिलेख राखिएको छ ?
☐संस्थाको सदस्यता दर्ता किताव
☐साधारण सभा (प्रारम्भिक, बार्षिक र विशेष), संचालक समिति, लेखा तथा सुपरीवेक्षण समिति र उपसमितिहरुको छुट्टाछुट्टै कारवाही किताव,
☐संस्थाको नगदी बही, ☐संस्थाको कारोवार दर्ता किताव ☐संस्थाको शेयर दर्ता किताव ☐संस्थाको मालसामानको मौज्दात दर्ता किताव, ☐संस्थाको ऋण लेनदेन दर्ता किताव, ☐संस्थाको बेरुजू एवम् सम्परीक्षण खाता, ☐आम्दानी, खर्च, सम्पति र दायित्वका अलग अलग खाता तथा सहायक खाताहरु, ☐ हिसाव परीक्षण सूची, आयब्यय र स्थितिविवरण, ☐विभागले तोकिदिएका अन्य अभिलेख तथा खाताहरु .................
(२) पांच करोड रुपैंयां भन्दा बढी जायजेथा भएका संस्थाले उपदफा (१) बमोजिमका अभिलेख तथा लेखा विभागले तोके बमोजिमको निर्धारक पुरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (सफ्टवयर) मा समेत व्यवस्थित गरिएको छ ? ☐ छ ☐ छैन
(३) सस्थाले आफ्नो संस्थागत र व्यवसायिक कारोवारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्ट गर्नुभएको छ ? ☐ छ ☐ छैन

(४) संस्थाले आधारभूत अभिलेख र कारोवारको हिसावकिताव पृष्ठ शुरक्षा (ब्यकअप) ब्यवस्था सहित संरक्षण गर्नुभएको छ ?☐ छ ☐ छैन

**६) संस्थाले उपलब्ध गराउनु पर्ने विवरणः** सहकारी ऐन, २०७४ को दफा ७३ बमोजिम संघसंस्थाले प्रत्येक बर्ष देहायका विवरण सहितको प्रतिवेदन रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारी र माथिल्लो संघहरू समक्ष पेश गर्नुभएको छ ?☐ छ ☐ छैन

☐कारोवारको चौमासिक तथा बार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन

☐ बार्षिक नीति, योजना र कार्यक्रम ☐खुद बचत संवन्धी नीति र योजना ☐संचालकको नाम तथा बांकी कार्यावधि ☐साधारण सभाको बैठक सम्वन्धी जानकारी ☐शेयर सदस्य संख्या र शेयरपूंजी

☐संचालक र सदस्यले लिएको ऋणको तिर्न बांकी रकम ।

☐रजिष्ट्रार वा अधिकार प्राप्त अधिकारीले तोकिदिएको ऋण अन्य विवरण ।

**७) हिसाव जांच/लेखापरीक्षणः**

(१) कारोवारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित प्रचलित कानून अनुसारको लेखामान बमोजिम गर्नुभएको छ ? ☐ छ ☐ छैन

(२) आन्तरिक नियन्त्रणको लागि साधारण सदस्यहरुवाट एक जना संयोजक र दुई जना सदस्य रहने गरी एक स्वतन्त्र लेखा तथा सुपरीवेक्षण समितिको ब्यवस्था गर्नुभएको छ ? ☐ छ ☐ छैन

- समिति गठन भएको भए, सवल, सक्षम र सक्रिय छ ? ☐ छ ☐ छैन
- समितिवाट चौमासिक र बार्षिक रुपमा संघसंस्थाको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन दिनेकाम गरेको छ ? ☐ छ ☐ छैन
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर समित र साधारण सभामा छलफल गर्ने काम भएको छ ? ☐ छ ☐ छैन

(३) दश करोड भन्दा वढि कारोवार गर्ने संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउन लेखासुपरिवेक्षण समितिका अलावा छुट्टै आन्तरिक लेखा परिक्षक नियुक्त गरी आन्तरिक लेखा परिक्षण ☐गरे ☐नगरेको ।

(४) कारोवारको लेखापरीक्षण आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकवाट गराउनुभएको छ ?☐ छ ☐ छैन

(५) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण साधारण सभावाट भएको छ ? ☐ छ ☐ छैन

(६) एकजना ब्यक्ति लगातार ३ पटक भन्दा बढी लेखापरीक्षकमा नियुक्ति भएको छ ? ☐ छ ☐ छैन

(७) संस्थाको संचालक, सदस्य र वेतनवाला सल्लाहकार तथा कर्मचारी, साहुको दामासाहीमा परेको ब्यक्ति, लेखापरीक्षण्को कसुरमा सजांय पाई तीन बर्ष भुक्तान नगरेको ब्यक्ति, फौजदारी कसुरमा सजांय पाएको पांच बर्ष नभएको ब्यक्ति र सम्वन्धित सहकारी संघसंस्थासंग स्वार्थ बांझिएको ब्यक्ति लेखापरीक्षकमा नियुक्त हुन नसक्ने कानूनी ब्यवस्थाको पालना गर्नुभएको छ ? ☐ छ ☐ छैन

(८) लेखापरीक्षकले नियमितता, मितब्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताः

☐संस्थाले खर्च गर्दा साधारण सभाले स्वीकृत बजेट सिमाभित्र रही खर्च गरेको ।

☐संस्थाले प्रचलित ऐन कानून र आफ्नो विनियममा ब्यवस्था भए अनुसार आर्थिक कारोवार संचालन गरेको छ, छैन ।

☐आम्दानी र खर्चको यथेष्ठ प्रमाण छ, छैन ।

☐संस्थाले तोकिएको ढाँचामा लेखा राखेको र आर्थिक कारोवारको यथार्थ र पारदर्शी तरिकाले चित्रण गरेको छ, छैन ।

☐नगदी, जिन्सी र अन्य सम्पति समेतको हानीनोक्शानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक निरीक्षण र आन्तरिक लेखापरीक्षणको ब्यवस्था गरेको छ, छैन ।

☐आम्दानी, खर्च र विनियममा ब्यवस्था भए बमोजिमका कोषहरुको लेखा ठीक छ, छैन ।

- कोष राख्ने र वितरण गर्ने सम्वन्धमा नियम बनेको ? ☐ छ ☐ छैन
- नियम बनेको भए नियमको पालना भएको ? ☐ छ ☐ छैन

☐ ब्यवसायिक कारोवारको आम्दानी, खर्च, जिन्सी तथा नगद मौज्दात र अन्य आर्थिक कारोवार संवन्धी नियमहरु प्रयाप्त छन, छैनन र भएमा त्यसको पालना भएको छ, छैन ।

☐ लागत खर्चको सीमाभित्र रही कार्यक्रम संचालन भई लक्ष्य अनुसार प्रगति भएको छ, छैन ।

- लागतको तुलनामा प्रतिफल मनासिव ?☐ छ ☐ छैन
- कामको गुणस्तर सन्तोषजनक ?☐ छ ☐ छैन

(८) वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरु कार्यन्वयन गर्नुभएको छ ?
☐ छ ☐ छैन
(९)पछिल्लो लेखा परिक्षण भएको आर्थिक वर्ष...........................
(१०)पछिल्लो वार्षिक सधारण सभा भएको मिति ..............................
(११)आवधिक व्यवसायिक योजना तर्जुमा गर्नुभएको छ ?☐ छ ☐ छैन
(१२)प्रगती विवरणहरु सहकारी शाखामा पठाउने गर्नुभएको छ ?☐ छ ☐ छैन
(१३)प्रगती विवरणहरु सहकारी संघहरुमा पठाउने गर्नुभएको छ ?☐ छ ☐ छैन

८) संस्थाले ऋणमा ब्याज बाहेक लिने व्यवस्थापन र अन्य सेवा शुल्क रकम लिनुभएको छ ?
☐ छ ☐ छैन
९) संस्थाको कूल पूँजी कोषको १०% भन्दा बढी एक व्यक्तिलाई ऋण लगानी भएको ☐छ, ☐छैन
१०) संस्थाले सदस्यहरुको व्यवसायको लागि वीमा ☐गरे, ☐नगरेको .............
११) सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनि बिभेद ☐गरे, ☐नगरेको
१२) साधारण सभा सम्पन्न भएको १५दिन भित्र लेखापरीक्षण प्रतिबेदन, अध्यक्षले प्रमाणीत गरेको साधारण सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विबरण सम्वन्धित कार्यालयमा पेश ☐गरे, ☐नगरेको
१३) संचालकहरुले संघबाट उपभोग गरिरहेको बित्तिय तथा अन्य सुबिधाहरु
:..........................................................................................
१४) पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मुल कैफियतहरु :-
..........................................................................................
..........................................................................................
१५) ऋण तथा बचतको ब्याजदर परिबर्तन भएको सुचना सदस्यहरुलाई कसरी दिईन्छ
..........................................................................................
१६) गैरनेपाली/कार्यक्षेत्र बाहिरका व्यक्तिहरु/गैरसदस्यहरुसंग कारोबार गरे, नगरेको :
१७) सदस्य, संचालक र लेखा समिति पदाधिकारीहरुले संस्थामा नियमित बचत गर्ने ☐गरे, ☐नगरेको
१८) संस्थामा सदस्यहरुले देख्ने गरि सदस्य बडापत्र र सुचनापाटी ☐राखे, ☐नराखेको
१९) संस्थाले रणनैतिक योजना, बार्षिक कार्यक्रम तथा बजेट तयार ☐पारे, ☐नपारेको
२०) शेयर सदस्यताको निर्णय कसले गर्ने गरेको, कागजात केके संलग्न गर्ने, गरेको
..........................................................................................
..........................................................................................
२१) संस्थाको बचत तथा ऋणको ब्याजदर निर्णय संचालक समितिबाट गर्ने गरे, नगरेको :
२२) लेखापरीक्षकको पारीश्रमीकको निर्णय साधारण सभाबाट गर्ने गरे, नगरेको :
२३) संस्था का सबै कारोबारको विबरणको जिन्सी तथा यान्त्रिक संरक्षण (Back-Up) राखे, नराखेको :
२४) संस्था मा कुल बेरुजू रकम के कति छ र कति जनावाट असुल गर्नु पर्ने बेरुजू फछर्यौट हुन बांकी छ ।
..........................................................................................
..........................................................................................
२५) ऋण लगानी गर्दा लिएको ब्याजदर र सेवा शुल्कको अवस्था ।
..........................................................................................
..........................................................................................
२६) सम्बन्धित संस्थाका संचालक तथा कर्मचारीले लिएको ऋणको प्रतिशत ।
..........................................................................................
२७) ऋण लगानीमा समान ब्याजदर र सेवा शुल्क रहे नरहेको :
२८) ऋणमा पाउनुपर्ने ब्याजदर पूँजीकृत भए नभएको :
२९) संस्था ले सदस्य सदस्यहरुको लागि गर्दै आएका प्रबर्द्धनात्मक कार्य तथा सेवाहरु :
..........................................................................................
..........................................................................................
३०) संस्था पुरस्कृत भएको भए पुरस्कारको नाम र पुरस्कृत गर्ने निकाए
..........................................................................................
३१) अन्तर सहकारी सहयोगमा संस्था को भुमिका
..........................................................................................
३२) संस्थाको भावी योजनाहरु

……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………

३३) संस्थाका समस्याहरु

……………………………………………………………………………………………………………………………
…………………………………………………………………………………………………………

३४) संस्थाका समस्याहरु समाधानका लागि चालिएका प्रयासहरु

……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
………………………………………………………………………………………………………………

३५) अनुगमनका क्रममा दिइएका सुझावहरु

……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………
……………………………………………………

| …………………… तर्फवाट | संस्था को तर्फवाट |
|---|---|
| सल्लाह/सुझावः…………………………………………<br>……………………………………………………………<br>……………<br>……………………………………………………………<br>……………………………………………………………<br>……………………………………………………<br>नामः………………………………हस्ताक्षरः ……………<br>पदः …………………………………………………<br>मितिः ………………………………………………… | सल्लाह/सुझावः…………………………………………<br>……………………………………………………………<br>…………………<br>……………………………………………………………<br>……………………………………………………………<br>……………………………………………………………<br>…………………………<br>नामः………………………………हस्ताक्षरः …………<br>पदः …………………………………………………<br>मितिः ………………………………………………… |

अनुसूचि-४

**(कार्यविधीको ६.१ (१) संग सम्बन्धित)**

**विदुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**विदुर, नुवाकोट**
**सहकारी संस्थाहरुको सघन निरिक्षण तथा अनुगमन फाराम**

आ.व : ............ अनुगमन मितिः.................................

प्रतिवेदन गरिएको अवधि :

**क.संस्थाको प्रारम्भिक जानकारी**

१. संस्थाको नाम र ठेगाना : ..............................................

२.दर्ता मिति :..................... दर्ता नं. ....................दर्ता भएको कार्यालय................

२. (क) न.पा.मा सूचीकृत भएको मिति :...................................सूचीकृत नं. : ...........

३. स्थायी लेखा नम्बर (पान) :..................

४. संस्थाको प्रकृति(बिषयगत वर्गिकरण) : बचत तथा ऋण/बहुउद्धेष्यिय/उपभोक्ता/कृषि/अन्य भए खुलाउने

५. कार्यक्षेत्र : (क) वडाहरु ................................. (ख) स्थानिय तहः- विदुर न.पा.

(ग) जिल्लाः- नुवाकोट (घ) प्रदेशः- वागमती

६. शाखा तथा सेवा केन्द्रहरुको विवरण :

७. सम्पर्क विवरण : (क) कार्यालयको फोन नं. :................................(ख) अध्यक्षको नाम र फोन नं : ........

(ग) प्रमुख कार्यकारी/व्यवस्थापकको नाम र फोन नं : .........

(घ) संस्थाको इमेल :.................................. (ङ) वेव पेज (भएमा):............................

८. साधारण सभा सम्पन्न भएको पछिल्लो मिति ..................... उपस्थिति प्रतिशत ...................

९. सञ्चालक समितिको पदाधिकारीको विवरण : (क) निर्वाचन मिति................

(ख) वैठक संख्या .......... (ग) उपस्थिति प्रतिशत.............. (घ) संचालक संख्या ............, महिला :.............
पूरूष .................

(ङ) सञ्चालक समितिका पदाधिकारीहरुको विवरणः-

| क्र.सं. | नाम, ठेगाना | मोवाइल नं. | पद | योग्यता | तालिम | उमेर |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको विवरण : क) संख्याः महिला :............. पूरूष ................

(ख) साधारण सभामा प्रतिवेदन पेश गरे/नगरेको...............

(ग) वैठक संख्या........... उपस्थिति प्रतिशत

(घ) गत आ.व.मा बैठक संख्या : .......... उपस्थिति पुरुष संख्याः............ उपस्थित महिला संख्या :........

(ङ) लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको विवरणः-

| क.सं. | नाम, ठेगाना | मोवाइल नं. | पद | योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

११. अन्य समिति तथा उपसमितिहरूको विवरण

| क.सं. | समिति/उपसमितिको नाम | संख्या | महिला | पूरूष | वैठक संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. आन्तरिक लेखा परिक्षण सम्बन्धी व्यवस्था भए/नभएको................
१३. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा भए/नभएको .......................
१४. दीर्घकालिन रणनीतिक योजना तर्जुमा भए/नभएको .................
१५. परियोजना संचालन गरेको भएमा व्यवसायिक योजना तर्जुमा भए/नभएको .................
१६. प्रमुख कार्यकारी/व्यवस्थापकको विवरण :

| नाम, ठेगाना | शैक्षिक योग्यता र विषय | तालिम/अनुभव | ार्यरत अवधि |
|---|---|---|---|
| | | | |

१७. कर्मचारीको विवरण :

| महिला | पुरुष | जम्मा | अधिकृत स्तर | हायक स्तर | वारी चालक | ार्यालय सहयोगी |
|---|---|---|---|---|---|---|
| | | | | | | |

१८. सघंहरूमा आवद्धता सम्बन्धी विवरण

| **क.सं.** | **संघको नाम** | **आवद्धता भएको मिति** | **शेयर रकम** | **मूनाफा प्राप्त भए नभएको** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१९.सदस्यता सम्बन्धी विवरण :

| **महिला** | **पुरुष** | **सरकारी कार्यालय** | **जम्मा** | **गत आ.व. भन्दा बृद्धि %** |
|---|---|---|---|---|
| | | | | |

२०. वचत निक्षेप सम्बन्धी विवरण :

| क.सं. | खाताको प्रकार | संख्या | |
|---|---|---|---|
| | | व्यक्तिगत | संस्था |
| | यमित | | |
| | ावधिक | | |
| | ाधारण | | |
| | न्य | | |

२१. मूख्य ऋणी सदस्यहरुको नमूना विवरण : (१० लाख भन्दा माथि) (कानुन बमोजिम बाहेक गोप्य रहने)

| क.सं. | ऋणीको नाम (व्यक्ति वा संस्था) | उद्देश्य | स्वीकृत मिति र अवधि | ्रतोको विवरण | ऋण रकम | भाखा नाघे/ननाघेको |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

२२. कर्जा सम्बन्धी संख्यात्मक विवरण :

| क.सं. | कर्जाको प्रकार | संख्या | |
|---|---|---|---|
| | | व्यक्तिगत | संस्था |
| | वसायिक | | |
| | क्तिगत | | |
| | षि | | |
| | न्य | | |
| | | | |

२३. धितो र विना धितो कर्जा (रु. हजारमा):

| जम्मा लगानी | ऋणिको संख्या | धितोमा लगानी | विना धितोमा लगानी | खराब कर्जा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२३ (क) मौजुदा ऋणी सञ्चालक संख्या : महिला.................... पुरुषः..........................

२४. ब्याज दर सम्बन्धी विवरण (औसत) :

(क) निक्षेप ........ %(ख) कर्जा ............% (ग) स्प्रेड दर .........%

(घ) बचतमा दिइने ब्याँजको न्यूनतम र अधिकतम दर :

(ङ) ऋणमा लिइने ब्याँजको न्यूनतम र अधिकतम दर :

२५) वित्तीय कारोवार गर्ने सहकारी संस्थाको आर्थिक विवरण रु. हजारमा (आ.व.) :

| पूँजी | बचत | कर्जा | कूल सम्पत्ति | जगेडा तथा अन्य कोष | द बचत/मूनाफा | ाय कर | ाभांश | लाभांश प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२६) अन्य कारोवार/लगानीको विवरण रु. हजारमा (आ.व.) :

| क.सं. | कारोवार/लगानी गरेको क्षेत्र | कूल रकम | द बचत/मूनाफा |
|---|---|---|---|
| | | | |
| | | | |

२७) उत्पादन, खरिद तथा विक्री सम्बन्धी विवरणहरू (इकाईमा)

| उत्पादनको किसिम | उत्पादन | | खरिद | | बिक्री | | प्रशोधनको प्रकार | प्रशोधन परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | रकम | परिमाण | रकम | ारिमाण | रकम | | |
| | | | | | | | | |
| | | | | | | | | |

२८) संस्थाको घर जग्गा सम्बन्धी विवरण :

(१) क्षेत्रफल जग्गा (वर्ग मिटर) :............ (२) क्षेत्रफल घर (वर्ग फिट/तल्ला) : .........

(३) जग्गाको खरिद मूल्य रु................... (४) घरको मूल्य रु..................

(५) घर खरिद/निर्माण मिति :................. (६) घरको उपयोग : ...................

२९) लिलाम विक्री पश्चात सकार गरी लिएको सम्पत्ती विवरण (गैऱ्ह बैङ्किक/सहकारी) (मूल्य समेत) :

३०) सवारी साधन विवरण (मूल्य समेत) :

३१) मेशिन उपकरणहरु (मूल्य समेत) :

३२) प्रयोगमा ल्याइएको कार्यविधि/विनियमावलीहरू :

.........................................................................................................................................

.........................................................................................................................

.........................................................................................................................................

३३) संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेका क्रियाकलापहरू:

.........................................................................................................................................

...................................................................................................................

३४) नियमनकारी निकाय तथा माथिल्लो संघहरूमा प्रतिवेदन पेश गरे/नगरेको:

३५) कोपोमिस प्रयोग भए/नभएको:

३६) कूल शेयर सदस्य संख्या ................

३७) कोपोमिसमा प्रविष्ठि सदस्य संख्या :

३८) निर्वाचन भएको मिति ................

३९) प्रविष्ठि गरिएको आर्थिक विवरणको अन्तिम महिना :

४०) अनुगमन क्रममा संघ/संस्थाको तर्फवाट दिईएको सुझावहरू:

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

.........................................................................................................................................

| | |
|---|---|
| अध्यक्ष वा व्यवस्थापकको नाम: | अनुगमनकर्ता |
| हस्ताक्षर | नाम: |
| संस्थाको छाप | हस्ताक्षर |
| मिति : ............................... | मिति : ............................. |

**अनुगमन टोलीले माग गर्नुपर्ने कागजातहरु :**

- सहकारी संस्थाको दर्ता प्रमाणपत्रको सक्कल हेरी छायाँप्रति
- सहकारी संस्थाको विनियम (संशोधनहरू समेत) को सक्कल हेरी छायाँप्रति
- सदस्यतालिने दरखास्त, ऋण मागपत्र र बचत खाता खोल्ने निवेदनका ढाँचाहरू
- निरीक्षण गर्दाको दिनको व्यवस्थापकबाट प्रमाणित नगदी बहीको उतार
- निरीक्षण गर्दाको अघिल्लो दिनको व्यवस्थापकबाट प्रमाणित हिसाब परीक्षा सूची (ट्रायल ब्यालेन्स)
- अघिल्लो खाताबन्दीको उबार/नोक्सानखाता ('प्रोफिट' एन्ड लस एकाउन्ट) वा आय विवरण (इन्कम स्टेटमेन्ट)
- अघिल्लो खाताबन्दीको वासलात
- लगानीमा रहेको ऋणको अद्यावधिक वर्गीकरण (भाखा ननाघेको र १२ महिनाभन्दा कम बेसी छुट्टिने गरी भाखा नाघेको) का साथै ऋण हानिव्यवस्थाको व्यवस्थापकबाट प्रमाणित विवरण
- बचत परिचालनसँग सम्बन्धित आन्तरिक कार्यविधिहरूको प्रति
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ का पालनाका सिलसिलामा सहकारी संस्थाले पारित गरेका आन्तरिक नीति र आन्तरिक कार्यविधिका साथै प्रयोगमा ल्याइएका सदस्यको पहिचान लगायतसँग सम्बन्धित खाली फारामहरू
- बहालवाला सञ्चालकहरूले लिएको ऋणको प्रमाणित सूची फिरिस्त
- सहकारी संस्थाको बैङ्क वा अन्यत्रका खाताको विवरण
- स्थलगत जाँचका सिलसिलामा सहकारी संस्थाको काम-कारोबारको सम्पुष्टि गर्न आवश्यक देखिएका अन्य प्रमाणित विवरण वा कागतपत्रका सक्कल हेरी छायाँप्रति ।

प्रमाणिकरण मितिः २०७८।०९। १९

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत